मध्यपूर्वमा युक्रेनको गोप्य भूमिका | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २७ • अंक ३१२ • २०८२ साल चैत २८ गते शनिबार (11 April, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## उपसभामुखमा ठाकुर

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभाको उपसभामुखमा श्रम संस्कृति पार्टीकी सांसद रुबीकुमारी ठाकुर निर्वाचित भएकी छन्। आज भएको उपसभामुखको निर्वाचनमा राप्रपाकी सरस्वती लामालाई पराजित गर्दै रुबीकुमारी निर्वाचित भएकी छन् ।



प्रतिनिधिसभामा शुक्रबार उपस्थित भएका २५७ मध्ये रुबीकुमारी ठाकुरले २२९ मत पाउँदा राप्रपाकी लामाले ५ मत मात्रै पाएकी थिइन्। रुबीकुमारी ठाकुरलाई सत्तारुढ दल रास्वपा, कांग्रेस, नेकपाले समर्थन गरेको थियो।

नेकपा एमालेले भने कसैलाई पनि मतदान गरेन । एमालेका २५ सांसद रहे पनि तटस्थमा २२ मत खसेको थियो। निर्वाचित भएसँगै उपसभामुख ठाकुरलाई शुक्रबार नै राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन्।

नेपालकै कम उमेरकी उपसभामुख २६ वर्षीय रुबीकुमारी ठाकुर अहिलेको संसदकै कान्छी सदस्य पनि हुन् । श्रम संस्कृति पार्टीले उनलाई मधेशी महिला कोटामा समानुपातिक सूचीमा राखेको थियो।

धनुषाको सामान्य परिवारमा जन्मिएकी रुबीकुमारी ठाकुरसंग कुनै पनि राजनीतिक पृष्ठभूमि रहेको छैन । उनलाई ४ बहिनी र २ भाई छन्। रुबी ठाकुरका बाबु सोगराथ ठाकुर साउदी अरबमा वैदेशिक रोजगारीमा छन् । उनी केही दिन अघि मात्रै जनकपुरधाम आएका छन्।

दुई विघा जमिन अधियाँमा लिएर गरेको खेती र बुवाले पठाउने रेमिट्यान्सबाट रुबी ठाकुरको परिवार चलेको छ । रुबी ठाकुरले २७४ सालमा एसइई उत्तीर्ण गरेपछि महोत्तरीको बलरास्थित पोलिटेक्निकबाट ३ वर्षे डिप्लोमा (इञ्जिनियरिङ) अध्ययन गरेकी छन्। सांसद बन्नु अघिसम्म उनी वस्तु आर्किटेक्चर कन्सल्टेन्सीमा कार्यरत थिइन् ।

निर्वाचन अभियानका क्रममा हर्क साम्पाङ धनुषा पुग्दा पहिलो पटक रुबी ठाकुरले उनलाई भेटेकी थिइन् । साम्पाङबाट प्रभावित बनेर उनी श्रम संस्कृति पार्टीको चुनाव प्रचारप्रसारमा लागेकी थिइन् ।

### उद्योगमा गौरी यादव र र श्रममा रामजी यादव नियुक्त

## रामजी यादव : इञ्जिनियरदेखि सांसद र मन्त्रीसम्म फड्को

**टुडे समाचारदाता**

जनकपुरधाम । अवैधानिक रुपमा श्रीमती जुनु श्रेष्ठलाई स्वास्थ बीमा बोर्डमा पुनः बहाली गरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षाममन्त्री दीपककुमार साहलाई बर्खास्त गरेको एक दिन नबित्दै दुई जनालाई मन्त्री पदमा नियुक्त गरिएको छ।

प्रधानमन्त्री बालेन साहले उद्योग मन्त्रालयमा गौरी कुमारी यादव नियुक्त गरिएको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षाममन्त्रीमा रामजी यादवलाई नियुक्त गरिएको छ।

गौरी कुमारी यादव महोत्तरी- ४ बाट निर्वाचित हुन् भने रामजी यादव सप्तरी- २ बाट जनमत पार्टीका अध्यक्ष सीके राउतलाई पराजित गरी सांसद बनेका थिए। दुवै मन्त्री राष्ट्रपति भवनमा आयोजित एक समारोहबीच राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन्।

पदीय मर्यादाको दुरुपयोग गरेको भन्दै प्रधानमन्त्री साहले बिहीबार श्रम, रोजगार तथा सामाजिक सुरक्षाममन्त्रीसाहलाई पदमुक्त गरेका थिए।

उद्योग मन्त्रालय सरकार गठन गरेदेखि नै प्रधानमन्त्री साहले आफैँ राखेका थिए । उनी प्रधानमन्त्री साहको नातामा साढु हुन्।

नेपाली राजनीतिमा पछिल्लो समय चलेको लहरका कारण परम्परागत राजनीतिको अनुभव शून्य भएका युवाहरू सिधै राज्य सञ्चालनको बागडोर सम्हालेका छन्। यस लहरको पछिल्लो र चकित पार्ने पात्र बनेका छन्, '३० वर्षीय विद्युत् इन्जिनियर रामजी यादव।'

सप्तरीको राजविराजबाट संसदीय राजनीतिमा उदाएका यूवा पुस्ताको राजनीतिक यात्रा छोटो र शक्तिशाली देखिन्छ।



फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतलाई पराजित गरेर संसद् छिर्दा धेरैले यसलाई घण्टीको लहरको परिणाम मात्र ठानेका थिए।

शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उनलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी दिने निर्णय गरेको थियो, तब यादवको छलाङ मारेको छ।

रास्वपाले यस निर्वाचनमा १८२ सिट जितेको छ। जसमा बालेन्द्र साह प्रधानमन्त्री छन् । अन्य १५ जना सांसद पनि उनीसंगै मन्त्रीमा नियुक्त भएका छन् ।

डीपी अर्याल सभामुख बने भने दीपकुमार साह मन्त्रीबाट पदमुक्त भइसकेका छन् । यसले गर्दा उनी तत्काल मन्त्री बन्ने सम्भावना न्यून छ। बाँकी १६५ जना सांसद मन्त्रीको लाइनमा भए पनि यादव सबैलाई उछिनेर मन्त्री पद प्राप्त गर्न सफल भएका छन् । निवर्तमान श्रममन्त्री दीपककुमार साह विवादमा परेपछि रास्वपाले बिहीबार उनलाई पदमुक्त गरेको थियो। सोही रिक्त ठाउँमा पार्टीले यादवलाई पठाउने निर्णय गर्दा उनी स्वयं आश्चर्य लागेको बताउँछन्।

शून्य राजनीतिक पृष्ठभूमिबाट एक्कासी मन्त्रीको कुर्सीमा पुगेका उनी वाचापत्रका बुँदाहरूलाई भुईंमान्छेको जीवनसंग जोड्न केन्द्रित हुने उनको बुझाइ छ।

पेसाले विद्युत इञ्जिनियर यादव नवीकरणीय ऊर्जा, कार्बन क्रेडिट र सार्वजनिक खरिद सुधारका विज्ञ छन्। सात वर्षसम्म इजिवर्ल्ड इञ्जिनियरिङ प्रालिको प्रबन्ध निर्देशकका रूपमा काम गरेका उनी आफूसँग सफल व्यावसायिक अनुभव रहेको उनले बताए।

सप्तरी जिल्लामा उनी नेताका रूपमा भन्दा समाजसेवीका रुपमा चिनिन्छन् । राजविराजमा सब-इञ्जिनियरिङ कलेजको स्थापना, फोहोर व्यवस्थापनका लागि प्रशोधन केन्द्रको पहल, रंगशालाको पूर्वाधार निर्माण र स्वास्थ्य चौकी भवन निर्माणमा उनले गरेको प्राविधिक नेतृत्वले नै उनलाई जनताको विश्वास दिलाएको दाबी उनले गरे।

उनले संवेदनशील मानिने श्रम मन्त्रालय कसरी सम्हाल्छन् र परम्परागत कर्मचारीतन्त्रसंग कसरी समन्वय गर्छन् भन्ने कुराले नेपालमा युवा र विज्ञको राजनीतिक भविष्यप्रतिको दृष्टिकोण तय गर्ने देखिन्छ। उनी आफूले काम गरेर देखाउनेमा ढुक्क छन्।

नवनियुक्त मन्त्री यादवले पार्टीको १०० बुँदे वाचापत्रलाई नै आफ्नो कार्यसम्पादनको मूल मन्त्र मानेका छन्।

उनले भने, 'पहिलो पटक पाएको अवसर सदुपयोग गर्न वाचापत्र नै लागि गाइडलाइन हो। त्यही अनुसार काम गर्छौं। व्यक्तिगत रूपमा राम्रो काम गर्छु।'

प्रोफेसनल रुपमा काम गर्ने बताउने उनी राजनीतिलाई सेवाभन्दा पनि नतिजामुखी बनाउनुपर्ने उनले बताए।

उनले भने, 'रेस्पोन्सिबल र अकाउन्टेबल बन्नुपर्‍यो। जिम्मेवारीलाई इमानदार भएर पालना गर्नुपर्‍यो। जनताले चाहेको र खोजेको परिवर्तन अनुसारको काम गर्नुपर्‍यो।'

३० वर्षकै उमेरमा मन्त्रालयको चाबी पाएका उनका लागि अग्नीपरीक्षा हो। पछिल्ला दिनमा नेपालको श्रम बजार अस्तव्यस्त छ, वैदेशिक रोजगारीका नाममा हजारौं युवा ठगिएका छन्। सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्नुपर्ने चुनौती यथावत नै छ। अहिले मध्यपूर्वमा अमेरिका-इजरायल-इरान युद्धका कारण १७ लाखभन्दा बढी वैदेशिक श्रमिकको रोजगारी सुरक्षा निकै चुनौतीको रुपमा रहेको छ।

## सम्पत्ति शुद्धीकरण कसुरमा अग्रवाल पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । व्यवसायी घराना शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर अनुसन्धानका लागि प्रहरीले फेरि पक्राउ गरेको छ । इन्फिनिटी होल्डिङ्स र शंकर ग्रुपबीच भएको शंकास्पद आर्थिक कारोबार अनुसन्धानका क्रममा अग्रवाल शुक्रबार पक्राउ परेका छन् ।


सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले इन्फिनिटी होल्डिङ्सका प्रमुख दीपक भट्टलाई बिहीबार काठमाण्डुको नक्सालबाट पक्राउ गरेको थियो । त्यसको अर्को दिन अग्रवाल समातिएका छन् ।

अग्रवाललाई जिल्ला प्रहरी परिसर ललितपुरको हिरासतमा राखिएको जनाइएको छ। नेपाल प्रहरी र विभागका अधिकारीहरूले अग्रवाल पक्राउबारे औपचारिक प्रतिक्रिया भने दिन चाहेनन् । नेपाल प्रहरीका एकजना अधिकारीले भने, 'अनुसन्धान भइरहेको विषयमा धेरै बोल्न मिल्दैन।'

करोडौंको शंकास्पद आर्थिक कारोबार देखिएपछि नेपाल राष्ट्र बैंकले साढे २ वर्षअघि नै शंकर ग्रुप र इन्फिनिटी होल्डिङ्सबीच भएका वित्तीय कारोबारको अनुसन्धान गर्न विभागलाई पत्राचार गरेको थियो । त्यसपछि विभागले २०७९ पुसमा भट्टसंग प्रारम्भिक बयान लिएको थियो । तर सामान्य छानबिन मात्रै गरेर विभागले गत वैशाखमा मुद्दा नचलाई राष्ट्र बैंकलाई उजुरी फिर्ता गरिदिएको थियो । रास्वपाका वरिष्ठ नेता बालेन्द्र साह प्रधानमन्त्री बनेपछि विभागले पुरानो फाइल ब्युँताएर पुनः अनुसन्धान थालेको थियो ।

जलविद्युत्, बीमा, लघुवित्त, ट्राभल्स एजेन्सी, शैक्षिक संस्था, विभिन्न सार्वजनिक ठेक्कापट्टा तथा हातहतियार उत्पादक विदेशी कम्पनी, घरजग्गा/रियल इस्टेट कम्पनीलगायतमा लगानी गरेका भट्ट र शंकर ग्रुपबीच २०७७ देखि २०७९/०८० को अवधिमा विभिन्न शंकास्पद कारोबार भएको तथ्य सार्वजनिक भएको थियो ।

२०७९/०८० को वार्षिक बजेट बनाउने क्रममा भट्टको सक्रियतामा शंकर ग्रुपका लागि लाभ हुने गरी बजेटमै करको दर हेरफेर गराएको आरोप छ। बजेट निर्माणमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको भूमिका पनि शंकास्पद देखिएको थियो । २०७८/०७९ मा शेरबहादुर देउवा नेतृत्वको सरकारका पालामा पूरक बजेट बनाउँदा पनि शंकर ग्रुपलाई लाभ पुग्ने गरी कर छुट दिलाउन भट्टको भूमिका रहेको आरोप लागेको थियो । भट्ट र शंकर ग्रुपका बैंक खातामार्फत शंकास्पद कारोबार भएको पाइएपछि राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ (एफआईयू) ले अनुसन्धान गर्न भन्दै विभागलाई पत्र पठाएको थियो । राष्ट्र बैंकले विभागलाई पठाएको उक्त पत्रमा उल्लेख भएको विवरण अनुसार भट्टका नाममा सिद्धार्थ बैंकमा रहेको खातामा जुन २०२१ मा जगदम्बा स्टिल प्रालिका नाममा नेपाल इन्भेस्टमेन्ट बैंकमा रहेको खाताबाट ४५ करोड रुपैयाँ 'ट्रान्सफर' गरिएको थियो । जगदम्बा शंकर ग्रुपको कम्पनी



हो। भट्टका नाममा ओभरड्राफ्ट (ओडी) खातामा सन् २०२१ को जुन र जुलाईमा ३० करोड १५ लाख ८७ हजार रुपैयाँ 'ट्रान्सफर' गरिएको र सोही खाताबाट नै ४५ करोड ४ लाख ४५ हजार रुपैयाँ निकालिएको थियो।

बैंकबाट स्वीकृत सर्त अनुसार ऋण चलाउन वा शोध भर्ना गर्न मात्र ओडी खाता सञ्चालन हुनुपर्नेमा भट्टको ५० लाख सीमा भएको उक्त खाताबाट ४५ करोड रुपैयाँसम्मको कारोबार गरिएको थियो । त्यही बेला भट्टले नै ओडीको सीमा ४४ करोड रुपैयाँ भए पनि २०२१ जुलाईमा १८ करोड ४० लाख ९५ हजार जम्मा गरेर ६३ करोड ४० लाख ९३ हजार निकालिएको पनि पाइएको थियो।

दुई पक्षबीच भएको कारोबारको वैध स्रोत पुष्टि नभएपछि विभागले अनुसन्धान थालेको थियो। तर सत्ता-शक्ति केन्द्र लगाएर शंकर ग्रुपका सञ्चालक र भट्ट दुवैले अनुसन्धानमा वाधा अड्चन खडा गरेको अधिकारीहरूको भनाइ छ । पछिल्लो समय भने पुरानो फाइल ब्युँताएर अनुसन्धान अघि बढाइएको छ। शंकर ग्रुप र भट्ट मात्र नभइ उनीहरूलाई 'राजनीतिक छत्रछाया' दिएको आरोप लागेका पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड पनि हाल सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर अनुसन्धानमा तानिएका छन् । सम्पत्ति शुद्धीकरण प्रकरणमै पूर्वमन्त्री तथा कांग्रेस नेता दीपक खड्कालाई विभागले पक्राउ गरी अनुसन्धान अघि बढाएको छ । विभागका एक अधिकारीले जनाए अनुसार शंकर ग्रुपका अन्य सञ्चालक पनि अनुसन्धानको दायरामा छन् ।

बीमा प्राधिकरण, धितोपत्र बोर्डमा आफ्ना मान्छे लैजानेदेखि आफू अनुकूलका कानुन बनाउन, स्वार्थ बाझिने गरी नीतिगत हस्तक्षेप गराउन पनि यी दुवै समूह विगतदेखि नै चलखेल गर्दै आएको आरोप छ। शुक्रबार पक्राउ परेका अग्रवाल र बिहीबार समातिएका भट्ट दुवैको हिमालय रि-इन्स्योरेन्समा साझेदारी हुन् । शंकर ग्रुप जगदम्बा स्टिल, जगदम्बा मोटर्स, जगदम्बा इन्टरप्राइज, रिद्धिसिद्धि सिमेन्ट, युनियन लाइफ इन्स्योरेन्स, विभिन्न जलविद्युत् आयोजनालगायतमा आवद्ध रहेको छ।




# कृषि विश्वविद्यालयको अनुगमन



**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशको राजविराजस्थित मधेश कृषि विद्यालयको प्रदेश सरकारका प्रतिनिधिहरुले अनुगमन गरेका छन् ।

मुख्यमन्त्री कृष्णप्रसाद यादव र शिक्षा तथा संस्कृति मन्त्री रानीशर्मा तिवारीसहितको टोलीले शुक्रवार मधेश कृषि विश्वविद्यालय को अनुगमन गरेको हो । अनुगमनका क्रममा विश्वविद्यालयको शैक्षिक गतिविधि, भौतिक पूर्वाधार तथा समग्र व्यवस्थापन अवस्थाबारे सो टोलीले विस्तृत जानकारी लिएका छन् ।

अनुगमन टोलीले विश्वविद्यालयको वर्तमान अवस्थाको मूल्यांकन गर्दै आवश्यक सुझाव तथा निर्देशन दिएको छ । विशेष गरी कृषि शिक्षालाई अझ व्यवहारिक, गुणस्तरीय र समयानुकूल बनाउँदै लैजानुपर्ने आवश्यकता औंल्याइएको छ ।

मुख्यमन्त्रीले विद्यार्थीहरूलाई उत्कृष्ट तथा प्रतिस्पर्धात्मक शिक्षा प्रदान गर्न सम्बन्धित सबै पक्षलाई जिम्मेवार र सक्रिय भएर काम गर्न आग्रह गरेका छन् । साथै मधेश प्रदेश सरकार कृषि तथा शिक्षाको समग्र विकासप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको पनि स्पष्ट पारिएको छ । अनुगमनले विश्वविद्यालयको सुधार र विकासका लागि थप ऊर्जा मिल्ने अपेक्षा गरिएको छ ।

# समृद्धिका लागि निजी क्षेत्रको भूमिका निर्णायक हुन्छः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले देशका आर्थिक विकासका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने जोड दिनुभएको छ ।

नेपाल चेम्बर अफ कमर्सको ७५औं वार्षिक साधारणसभाको शुक्रबार उद्घाटन गर्दै उहाँले आर्थिक समृद्धिको मूल आधार व्यापार-व्यवसाय, उद्योगधन्दाको प्रवर्द्धनमा सरकार-निजी क्षेत्र साझेदारी हुनुपर्ने बताउनुभएको हो । राष्ट्रपतिले आर्थिक समृद्धिबाट नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन सहज हुने भएकाले जनताले चाहेको विकास र समृद्धिका निम्ति एकताबद्ध भएर अघि बढ्न सम्बद्ध सबैलाई आह्वान गर्नुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "मुलुकलाई एउटा जटिल परिस्थितिबाट निकास दिन सफलतापूवर्क सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट स्थापित संसद् र सरकारलाई सुशासनमार्फत आर्थिक समृद्धिको मार्गमा अग्रसर हुन मार्गप्रशस्त भएको छ । झन्झटरहित सेवा प्रवाह, जनताको जीवनस्तर उकास्ने आर्थिक विकासका योजना कार्यान्वयनलगायत राष्ट्रनिर्माणको गहन दायित्व भएको वर्तमान सरकारले निजी क्षेत्रको साझेदारीमा आर्थिक विकासलाई अघि बढाउने जनअपेक्षा छ ।"

राजनीतिक स्थायित्व आर्थिक समृद्धिको आधार भएको उल्लेख गर्दै उहाँले स्पष्ट नीति र दिगो रणनीतिले मात्र औद्योगिक विकास, लगानी विस्तार र रोजगारी सिर्जना हुने भएकाले स्वदेशमा नै कामको अवसर उपलब्ध गराउनु अहिलेको आवश्यकता हो भन्नुभयो । "आजका युवा देशका भविष्य हुन्, उनीहरूलाई स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्न सकेमा देशलाई समृद्धिको मार्गमा दोहोऱ्याउन सहज हुन्छ," राष्ट्रपति पौडेलले भन्नुभयो । साथै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय हुनुपर्नेमा जोड दिनुभयो ।

"आजको प्रतिस्पर्धात्मक युगमा हामीलाई परम्परागत सोचभन्दा बाहिर निस्केर नवीनता, नवप्रवर्तन र साहसिक निर्णय आवश्यक छन्, डिजिटल अर्थतन्त्र, हरित विकास, प्रविधिमा आधारित उद्यमशीलता र स्टार्टअप संस्कृतिको विकास आजको आवश्यकता हो", राष्ट्रपति पौडेलले भन्नुभयो ।निजी क्षेत्रलाई केवल कर तिर्ने निकायको रूपमा नभई राष्ट्र निर्माणको साझेदारका रूपमा लिनुपर्ने बताउनुभयो । मुलुकको आर्थिक समृद्धि, उद्योग व्यवसायको प्रवर्द्धन, लगानीमैत्री वातावरण निर्माण तथा उद्यमशीलताको विकासमा चेम्बरले निर्वाह गरेको भूमिकाको राष्ट्रपतिले सराहना गर्नुभयो ।

चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले निजी क्षेत्र र सरकारबीच समन्वय नहुँदा अपेक्षाकृत अर्थतन्त्रको विकास हुन नसकेको बताउँदै सुधारका धेरै क्षेत्र छन् भन्नुभयो । उहाँले देशको अर्थतन्त्र उकास्न सरकारसँग निरन्तर सहयोग एवं समन्वय गर्दै आएको बताउनुभयो । सरकार तथा निजी क्षेत्रबीच चेम्बरले सेतुको भूमिका निर्वाह गरिरहेको उहाँको कथन थियो ।

.वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्राले प्रविधिमा आधारित व्यवसायलाई प्रोत्साहन गरी युवालाई नवप्रवर्तनमा लाग्न प्रेरित गर्नुपर्ने बताउनुभयो । विदेशी लगानी भित्र्याउन अनुकूल वातावरण निर्माण गर्न आवश्यक भएको उल्लेख गर्दै उहाँले देशमा अब राजनीतिक स्थायित्व कायम भएकाले औद्योगिक विकास हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

## नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन सुरु

काठमाण्डु । 'नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' शुक्रबारदेखि सुरु भएको छ ।

उक्त सम्मेलनको प्रा डा वासुदेव त्रिपाठीले नेपाल तथा भारतका २७ जना प्राज्ञलाई सम्मेलनको प्रतीक चिह्न र सम्मेलनबारेका कृति प्रदान गर्दै शुभारम्भ गर्नुभयो । सम्मेलन तीन दिनसम्म सञ्चालन हुने जनाइएको छ । सम्मेलनमा नेपाल तथा भारतका विश्वविद्यालयबाट नेपाली भाषा, साहित्यमा विद्यावारिधि गरेका प्राध्यापकहरूको सहभागिता रहेको छ ।

नेपाली भाषा साहित्यको विकास र विस्तारबारे अध्ययन हुन बाँकी पक्षहरूका साथै उच्च शिक्षाका कतिपय अनिर्णित रहेका समेत सवालहरूको परिपूर्तिका निम्ति नइले 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन'को आयोजना गर्नुपरेको नइका कुलपति इन्दिरा प्रसाईंले जानकारी दिनुभयो ।

सम्मेलनमा उच्च शिक्षामा नेपाली भाषा साहित्यको अध्यापन तथा अनुसन्धान गरिने भारतका १३ वटा विश्वविद्यालय र नेपालका छवटा विश्वविद्यालयका कार्यपत्र प्रस्तुत गरिने जनाइएको छ । सम्मेलनको पहिलो दिन सहभागी प्राज्ञहरूले आआफ्ना विश्वविद्यालयबारे चर्चा गर्नुभएको थियो ।रासस

# भारतमा एक नेपाली पक्राउ

**टुडे समाचारदाता**

रौतहट । बारा संग जोडिएको भारत-नेपाल सीमावर्ती क्षेत्रमा लागूऔषध तस्करी नियन्त्रणका क्रममा सशस्त्र सीमा बल (एसएसबी) र बिहार प्रहरीको संयुक्त टोलीले सवा ५ किलो गाँजासहित एक नेपाली नागरिकलाई पक्राउ गरेको छ ।

शुक्रबार बिहान करिब ९ बजे ७१औं बटालियन एसएसबी मोतिहारी अन्तर्गत 'सी' कम्पनी बीओपी नायकटोला र बिहार प्रहरीको संयुक्त टोलीले विशेष अपरेसन सञ्चालन गरेको थियो । सो क्रममा ना.३७ प. १९७ नम्बरको सुपर स्प्लेंडर मोटरसाइकलसहित सवा ५ किलो (प्याकेटसहित) गाँजाजस्तो पदार्थ बरामद गरिएको एसएसबी मुख्यालय पिपराकोठिका सहायक कमाण्डेन्ट बिश्वजित तिवारीले जानकारी दिएका छन् ।

उक्त घटनामा संलग्न एक जनालाई नियन्त्रणमा लिइएको छ । पक्राउ पर्नेमा पर्सा जिल्ला, पोखरिया थाना अन्तर्गत विश्रामपुर वडा ९ निवासी ५९ वर्षीय प्रभु साह कलवार रहेको पिपराकोठिका प्रवक्ता बिनित कुमार सिहले बताएका छन ।

नायकटोला गाउँ नजिक (सीमास्तम्भ नम्बर ३८६ बाट करिब २० मिटर भारततर्फ) उक्त लागूऔषध बरामद गरिएको हो। प्रारम्भिक अनुसन्धानअनुसार गाँजा नेपालबाट भारततर्फ तस्करी गरिँदै थियो । बरामद लागूऔषध, मोटरसाइकल तथा पक्राउ परेका व्यक्तिलाई थप अनुसन्धानका लागि हरपुर प्रहरीलाई बुझाउने प्रक्रिया अघि बढाइएको जनाइएको छ ।

# आगलागीमा लाखौको क्षति

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको जिराभवानी गाउँपालिका-१ सेढवा बलुवाटोलमा भएको भीषण आगलागीले एक परिवारको सम्पूर्ण धनमाल जलेर नष्ट भएको छ । स्थानीय मोटर मुखिया बिनको घरमा गएराति आगो लागेको थियो ।

प्रहरीका अनुसार लामखुट्टे धपाउन बालिएको 'घुर' बाट अचानक आगो सल्किएर घरभरि फैलिएको हो। आगलागीमा घरभित्रका अन्नपात, भाँडाकुँडा, लत्ताकपडा, १२ थान सुनचाँदीका गहना पूर्ण रूपमा जलेर खरानी भएको हो ।



यसबाहेक गोठमा राखिएका चारवटा बाख्रा र एक गाई समेत जलेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । पीडित मोटर मुखिया बिनका अनुसार घर बनाउनका लागि छिमेकी लघुवित्तबाट ऋण स्वरूप ल्याइएको ६ लाख रुपैयाँ नगद समेत जलेर नष्ट भएको छ ।

"घर बनाउने सपना बुनेर ऋण ल्याएको थिएँ, आगोले सर्वस्व लुट्यो," पीडित बिनले आँसु भरिँदो आँखाले बताएका छन् ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, प्रहरी चौकी महादेवपट्टी र सशस्त्र प्रहरी बल बीओपी महादेवपट्टीको टोली स्थानीयबासीसँगै आगो नियन्त्रणमा खटिएका थिए ।

प्रहरी निरीक्षक समुन्नत अधिकारीका अनुसार आगो स्थानीय तथा सुरक्षाकर्मीहरूको ठूलो प्रयासपछि नियन्त्रणमा लिइएको हो ।

# निवृत्तिभरण सेवा घरबाटै लिन सकिने



काठमाण्डु । सरकारी सेवा प्रवाहलाई थप सरल, सहज, नागरिकमैत्री र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ विकास गरिएको निवृत्तिभरण प्रमाणीकरणसम्बन्धी स्वचालित प्रणाली शुक्रबारदेखि कार्यान्वयनमा आएको छ ।

शुक्रबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले महालेखा नियन्त्रक कार्यालयद्वारा तयार गरिएको 'ई-पेन्सन प्रमाणीकरण प्रणाली' को शुभारम्भ गर्नुभएको हो । यस प्रणालीमार्फत सेवा निवृत्त राष्ट्रसेवक कर्मचारी, निजामती, शिक्षक, नेपाली सेना तथा प्रहरीले अब घरमै बसेर आफ्नो निवृत्तिभरणसम्बन्धी सेवा लिन सक्ने भएका छन् । सेवाग्राहीले निवृत्तिभरण व्यवस्थापन कार्यालयको वेबसाइटमार्फत उपलब्ध सेवा प्रयोग गर्न सक्ने जनाइएको छ ।

सो प्रणालीअन्तर्गत सेवाग्राहीले आफ्नो विवरण प्रमाणीकरण गर्न, निवृत्तिभरणसम्बन्धी जानकारी लिन तथा आवश्यक प्रक्रिया पूरा गर्न अनलाइन माध्यम प्रयोग गर्न सक्नेछन् । सेवा प्रयोगमा कुनै जिज्ञासा वा अस्पष्टता भएमा प्रणालीमै उपलब्ध भिडियो मार्गदर्शन हेर्न सकिने व्यवस्था गरिएको महालेखा नियन्त्रक कार्यालयले प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

यसअघि सेवा निवृत्त कर्मचारीहरूले प्रत्येक वर्ष आफूले निवृत्तिभरण लिइरहेको पुष्टि गर्न बैंकमा उपस्थित हुनैपर्ने बाध्यता थियो । त्यसैगरी, निवृत्तिभरण खाता खोल्न वा बैंक छनोट गर्न निवृत्तभरण व्यवस्थापन कार्यालय धाउनुपर्ने अवस्थासमेत हटेको छ । अब सेवाग्राहीले आफूलाई पायक पर्ने बैंक छानेर सेवा लिन सक्नेछन् ।

अर्थमन्त्री वाग्लेले प्रणाली शुभारम्भ गर्दै करिब साढे तीन लाख निवृत्तिभरण लिने सेवाग्राहीको झन्झट अन्त्य भएको बताउनुभयो । उहाँका अनुसार यसबाट निवृत्तिभरण नवीकरण र बैंक छनोटसम्बन्धी जटिल प्रक्रिया हट्नेछ भने सरकारले तिर्नुपर्ने बैंक कमिसनसमेत घटेर शून्य नजिक पुग्ने अपेक्षा गरिएको छ ।

हालसम्म निवृत्तिभरण व्यवस्थापनमा करिब तीन लाख ५२ हजार ८१६ सेवाग्राही आबद्ध छन्, जसमा निष्क्रिय सेवाग्राहीसमेत समावेश छन् । प्रणाली कार्यान्वयनपछि वार्षिक रूपमा बैंकलाई तिर्नुपर्ने करिब १५ करोड रुपैयाँ बराबरको कमिसन भार घट्ने, नगद प्रवाह अनुमानयोग्य हुने र सरकारी ढुकुटीमा पर्ने चाप व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।रासस

# चार महिनापछि खुल्यो लहान नगरपालिकाको बैंक खाता




सिरहा । विगत चार महिनादेखि रोक्का रहेको लहान नगरपालिकाको बैंक खाता बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ । खाता सञ्चालनमा आएसँगै लामो समयदेखि रोकिएको कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्ता र विकास निर्माणका कामको भुक्तानी हुने भएको छ ।

खाता रोक्का हुँदा नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकले तलब पाउन सकेका थिएनन् । यसका साथै विद्यालयका पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदानसमेत रोकिएकाले शैक्षिक क्षेत्र नराम्ररी प्रभावित भएको थियो । तलब नपाएपछि कर्मचारी र शिक्षकहरूले नयाँ वर्ष २०८३ अघि नै निकासा नभए कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका थिए ।

नगरपालिकाको खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाको सरुवासम्बन्धी विवाद थियो । सरकारले झाको स्थानमा शिक्षातर्फका उपसचिवलाई पठाउन खोजेपछि नगरपालिकाले असहमति जनाएको थियो । आफ्नो अवकाश हुन केही महिनामात्र बाँकी रहेको भन्दै झाले सरुवा रोक्न प्रशासकीय अदालतमा मुद्दा दायर गर्नुभएको थियो ।अदालतले फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले खाता फुकुवा नगर्दा समस्या लम्बिएको थियो । हाललाई जयकान्त झा नै प्रमुख प्रशासकीय अधिकृतका रूपमा कायम रहनेगरी खाता सञ्चालन भएको हो ।

खाता सञ्चालन भएपछि नगरप्रमुख चौधरीले प्रशासनिक जटिलताका कारण सेवाग्राही र कर्मचारीले भोग्नुपरेको समस्याप्रति आफूहरू सजग रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "लामो समयको अवरोध हटेको छ, अब नगरपालिकाको आर्थिक र प्रशासनिक कामकाजले पुनः गति लिनेछ र रोकिएका सबै प्रक्रियालाई हामी द्रुतगतिमा अगाडि बढाउनेछौं ।"खाता खुलेपछि अब कर्मचारीको रोकिएको तलब र सामाजिक सुरक्षा भत्ता वितरणको प्रक्रिया तत्कालै अघि बढ्ने नगरपालिकाले जनाएको छ ।रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको कोटेश्वर महादेव स्थान सुर्दशन टोल (काठमाण्डौं) बाट मिति २०८२/११/१० गते करिब राति १०:०० बजे म.प्र. ०२-००८ प ८५७६ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DHXPSM99624 चेचिस नम्बर MD2A11CX3SPM67756 को बजाज कम्पनीको Pulser 150 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

नामः कृष्ण मण्डल
ठेगानाः शहिदनगर न.पा.-२ डरखोरीया
मो. नं. ९७०३८७०३९७

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : कानूनी विषय तथा प्रतिस्पर्धात्मक कार्यहरुमा सफलता मिल्ने योग देखिन्छ।
वृष : स्वास्थ्यप्रति विशेष ध्यान दिनु उपयुक्त हुनेछ ।
मिथुन : विगतका अधुरा रहेका कामहरु क्रमशः सम्पन्न हुदै जानेछन् ।
कर्कट : मनोबल उच्च रहँदा कार्यक्षेत्रमा प्रगति हासिल गर्न सकिनेछ ।
सिंह : आजको दिन मध्यम फलदायी रहनेछ।
कन्या : अनावश्यक यात्रा टार्नु उचित हुनेछ ।
तुला : पारिवारिक सहयोग र आत्मीयताले मन प्रसन्न रहनेछ ।
वृश्चिक : कुनै महत्वपूर्ण निर्णय गर्दा विशेष सावधानी अपनाउनु आवश्यक हुनेछ ।
धनु : विगतका लेनदेन वा बाँकी रकम फिर्ता प्राप्त हुन सक्छ ।
मकर : व्यवसायिक क्षेत्रमा थप लगानी वा योजना बनाउनुपर्ने परिस्थिति आउनेछ।
कुम्भः रोकिएका आर्थिक लेनदेन समाधान हुँदै हात लाग्नुपर्ने धन प्राप्त हुने सम्भावना छ।
मीनः आजआर्जनका अवसरहरु बढ्ने र मित्रजनबाट सहयोग मिल्ने संकेत छन्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पर्साको ग्रामीण भेगसँग जोड्ने वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सिमानामा रहेको तिलावे पुल डेढ वर्षअघि क्षतिग्रस्त भएको स्थानभन्दा केही तल तिलावे नदीमा बेलीब्रिज निर्माणाधीन हुँदै । यो पुल समयमा नबन्दा सर्वसाधारणलाई आवतजावतमा गर्न समस्या भएको छ। *तस्बिरःरासस*

# आर्थिक वृद्धि दुई दशमलव सात प्रतिशतमा सीमित हुने एडिबीको प्रक्षेपण

काठमाण्डु । एसियाली विकास बैंक (एडिबी)ले सन् २०२६ मा नेपालको आर्थिक वृद्धि दर दुई दशमलव सात प्रतिशतमा सीमित हुने प्रक्षेपण सार्वजनिक गरेको छ । एडिबीद्वारा प्रकाशित 'एसियन डेभलपमेन्ट आउटलुक अप्रिल २०२६' अनुसार यो दर अघिल्लो आर्थिक वर्षमा चार दशमलव छ प्रतिशत रहेकामा यस वर्ष न्यून देखिएको हो ।




एडिबीका नेपालका देशीय निर्देशक आर्नो कोस्वाका अनुसार राजनीतिक अनिश्चितता, गत भदौको जेनजी आन्दोलन तथा मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण आर्थिक वृद्धि सुस्त हुने देखिएको हो। राजनीतिक स्थायित्व कायम भएमा सुधारका कार्यक्रम अगाडि बढ्न र आर्थिक विश्वास बढ्न सहयोग पुग्ने उल्लेख गर्नुहुँदै कोस्वाले मध्यपूर्व द्वन्द्वका कारण तेलको मूल्य, पर्यटन तथा विप्रेषणमा पर्ने असरले जोखिम कायम रहेको बताउनुभयो ।

प्रतिवेदनमा आगामी आर्थिक वर्षमा आर्थिक वृद्धिदर पाँच प्रतिशत पुग्ने अनुमान गरिएको छ । हाल देखिएका अवरोध क्रमशः कम हुँदै जाँदा आन्तरिक मागमा सुधार, जलविद्युत् निर्यातमा वृद्धि तथा पर्यटन क्षेत्रको पुनरुत्थानले अर्थतन्त्रलाई टेवा पुग्ने अपेक्षा गरिएको छ ।एडिबीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा मूल्यवृद्धि दर तीन दशमलव सात प्रतिशत रहने र २०८३/८४ मा बढेर चार दशमलव पाँच प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। आन्तरिक आर्थिक गतिविधि विस्तारसँगै मूल्यमा थप दबाब पर्ने जनाइएको छ।

चालु खाता बचत आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनको सात दशमलव दुई प्रतिशत पुग्ने अनुमान गरिएको छ, जुन अघिल्लो वर्ष छ दशमलव सात प्रतिशत थियो । विप्रेषण आप्रवाह र निर्यातमा मध्यम वृद्धि भए पनि वैदेशिक रोजगारीमा अस्थायी कमी, उच्च तेल मूल्यका कारण आयात खर्च बढ्नु तथा पर्यटन आम्दानीमा सम्भावित गिरावटका कारण केही दबाब पर्ने जनाइएको छ। आगामी आर्थिक वर्षमा भने चालु खाता बचत पाँच दशमलव तीन प्रतिशतमा झर्ने अनुमान गरिएको छ।

प्रतिवेदनमा समग्र आर्थिक अवस्था उच्च अनिश्चिततामा रहेको उल्लेख गर्दै मध्यपूर्व द्वन्द्व लम्बिनु, पुँजीगत बजेट कार्यान्वयन कमजोर हुनु, वित्तीय क्षेत्रका जोखिम तथा जलवायुजन्य विपद् प्रमुख चुनौतीका रूपमा औँल्याइएको छ। साथै अन्तरराष्ट्रिय तेल मूल्यको उतारचढाव तथा खाडी मुलुकसँग सम्बन्धित विप्रेषणमा सम्भावित कमीले थप जोखिम सृजना गर्न सक्ने जनाइएको छ ।रासस

# ट्राफिक व्यवस्थापनबारे छलफल



काठमाण्डु । काठमाडौँ उपत्यकाको 'ट्राफिक' व्यवस्थापनमा केन्द्रित रहेर काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले शुक्रबार जनप्रतिनिधि, प्राविधिक, सुरक्षा निकायका अधिकारी, नागरिक समाज तथा सञ्चारकर्मीको सहभागितामा छलफल कार्यक्रम गरेको छ ।

प्रतिनिधिसभा सदस्य आशिष गजुरेलको प्रमुख आतिथ्यमा भएको छलफलमा ट्राफिक व्यवस्थापनका चुनौतीबारे गहन छलफल भएको थियो । त्यस अवसरमा सांसद गजुरेलले सीमित स्रोतसाधनका बाबजुद ट्राफिक प्रहरीले ठूलो जिम्मेवारी बहन गरिरहेको उल्लेख गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोग, पर्याप्त जनशक्ति र उपकरणको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो ।

अन्तरराष्ट्रिय विकासका जानकार तथा मेकानिकल इन्जिनियर रामचन्द्र थापाले सडक पूर्वाधारसँग सम्बन्धित प्राविधिक पक्षबारे जानकारी दिनुभयो ।

उहाँले पूर्वाधार सुधारको आवश्यकता औँल्याउँदै दीर्घकालीन योजनामा जोड दिनुभयो ।काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज अधिकारीले सडकमा परिचालित ट्राफिक प्रहरीले विभिन्न जोखिम मोलेर आफ्नो कर्तव्य निर्वाह गरिरहेका बताउनुभयो ।रासस

# नागरिक एपमा सेवा थपिँदैः लोकसेवाका परीक्षार्थीको प्रवेशपत्र पनि लिन सकिने

काठमाण्डु । सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएका सेवालाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिएको छ ।

सोही क्रममा अब निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोकसेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक ' नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपबाट प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको छ ।

सूचना प्रविधि विभागका महानिर्देशक चन्द्र साहले हाल उक्त प्रणाली परीक्षणको चरणमा रहेको बताउँदै आगामी एक साताभित्र पूर्ण रूपमा कार्यान्वयनमा आइसक्ने जानकारी दिनुभयो । उहाँका अनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने तथा ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ । सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दा अघि यी कामहरू सम्पन्न गर्न विभागलाई निर्देशन दिनुभएको छ । यस पहललाई अघि बढाउन उहाँले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिनुभएको हो ।




सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ। नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इन्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढिसकेको विभागका महानिर्देशक साहले राससलाई जानकारी दिनुभयो ।

नयाँ प्रणाली लागू भएपछि लोकसेवा आयोगका परीक्षार्थीका लागि आवश्यक प्रवेशपत्र, वैदेशिक अध्ययन स्वीकृतिपत्र तथा निजामती कर्मचारीले आफ्नो व्यक्तिगत विवरणहरू नागरिक एपबाटै डाउनलोड गर्न सक्नेछन् । यसका लागि हाल प्रणालीको परीक्षण जारी छ भने नयाँ संस्करण सार्वजनिक भएपछि उक्त सुविधासहितको नागरिक एप डाउनलोड गर्न सकिनेछ ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यही चैत १३ गते स्वीकृत ' शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख छ । नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ ।

नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन-स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झन्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।रासस

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि



काठमाण्डु । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य पुनः वृद्धि गरेको छ। अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव भइरहेको उल्लेख गर्दै निगमले मूल्यवृद्धि गरेको हो ।

निगमले शुक्रबार १२ः०० बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल, खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य बढाएको हो । निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर रु १७ र डिजेल र मट्टितेलमा प्रतिलिटर रु २५-२५ का दरले मूल्यवृद्धि गरेको हो ।

यस्तै, खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर रु एक सयका दरले वृद्धि गरिएको छ। निगमका अनुसार हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिटर रु छ का दरले वृद्धि गरिएको छ।

नयाँ मूल्यसूचीअनुसार अब काठमाडौँ उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर रु दुई सय १९ पुगेको छ। त्यसैगरी डिजेल र मट्टितेल प्रतिलिटर रु दुई सय सात पुगेको छ। खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर दुई हजार १० पुगेको छ। त्यस्तै हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिटर रु दुई सय ५७ कायम गरिएको छ ।सरकारले भन्सार महसुल र पूर्वाधार विकास करमा नाममा उठाइँदै आएको शुल्कमा ५० प्रतिशत छुट दिए पनि घाटा कम नभएपछि मूल्य बढाउनुपरेको दाबी गरेको छ। शुक्रबारको मूल्यवृद्धिपछि पनि निगमलाई पाक्षिक रूपमा करिब रु सात अर्ब ८१ करोड घाटा हुने निगमको दाबी छ ।रासस

# किसानका समस्या समाधान गर्न छलफल

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले मत्स्य पालक किसानका समस्या बुझेर समाधान गर्ने उद्देश्यले किसानसँग छलफल गर्नुभएको छ । नेपालमा उत्पादन हुने माछा, बजार व्यवस्थापन, किसानले भोग्दै आएका समस्यालगायत विषयका बारेमा जानकारी दिई समाधान गर्ने उद्देश्यले आज मन्त्रालयमा मन्त्री चौधरी र किसानबीच छलफल भएको हो ।




छलफलका क्रममा किसानले मन्त्री चौधरीसमक्ष मत्स्यपालक किसानका समस्या समाधानका प्रभावकारी कदन चाल्न तथा उचित बजार व्यवस्थापनको माग गरेका छन् । माछापालनलाई उद्योगभन्दा कृषि क्षेत्रअन्तर्गत वर्गीकरण गर्नुपर्ने, माछाका भुरा (फिङ्गरलिङ) आयात प्रक्रियालाई सरल र करमुक्त बनाउनुपर्ने, देशभर गुणस्तरीय ह्याचरी (भ्रुणसहितको अण्डालाई निश्चित तापक्रम व्यवस्था गरी चल्ला कोरल्ने यन्त्रमा राखी चल्ला कोरल्ने स्थान) स्थापना गर्नुपर्नेलगायत माग राखेका छन् ।

उत्पादन लागतका आधारमा माछाको न्यूनतम समर्थन मूल्य निर्धारण गरी प्रत्येक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि सुनिश्चित गर्नुपर्ने, बिक्री गरिएको उत्पादनको भुक्तानी १५ दिनभित्र अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने माग किसानले राखेका कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

नेपाल मत्स्य विकास सङ्घले खुला सीमाका कारण भइरहेको अवैध माछा आयातले स्वदेशी उत्पादनमा गम्भीर असर परेको उल्लेख गर्दै चोरी तस्करी नियन्त्रणका लागि गृह मन्त्रालयको नेतृत्वमा केन्द्रदेखि स्थानीय तहसम्म स्थायी संयन्त्र गठन गर्नुपर्ने माग गरिएको जनाएको छ।

हाल नेपालमा वार्षिक करिब एक लाख २५ हजार मेट्रिकटन माछा उत्पादन हुँदै आएको छ । यसमध्ये ८० प्रतिशतभन्दा बढी हिस्सा पोखरी (एक्वाकल्चर) प्रणालीबाट प्राप्त हुने गरेको छ । मत्स्य व्यवसायमा संलग्न किसानको स~्या बढ्दो क्रममा रहेको र यस क्षेत्रले पाँच लाखभन्दा बढीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गर्दै आएको सङ्घले जनाएको छ ।रासस

# ७२ जनामा क्षयरोग पुष्टि

काठमाण्डु । जिल्लाका विभिन्न पालिकामा गरिएको एआई एक्सरे क्याम्पबाट ७२ जनामा क्षयरोग पुष्टि भएको छ। जनस्वास्थ्य कार्यालय चितवनले भरतपुर महानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा उक्त उपकरणको सहायताले क्षयरोगको पहिचान गरेको हो।

कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीले साउनयता एआई एक्सरे उपकरणको सहायताले चार हजार ७१ को परीक्षण गर्दा ७२ जनामा क्षयरोग पुष्टि भएको जानकारी दिनुभयो। "परीक्षण गरिएकामध्ये दुई सय नौ जनामा क्षयरोगको लक्ष्यण देखिएको थियो। लक्ष्यण देखिएकाको थप परीक्षण गर्दा ७२ जनामा सङ्क्रमण पुष्टि भएको हो", उहाँले भन्नुभयो।

भरतपुर महानगरपालिकामा १६, कालिका नगरपालिकामा १७, माडी नगरपालिकामा १६ र इच्छाकामना गाउँपालिकामा २३ जनामा यो रोगको सङ्क्रमण पुष्टि भएको क्षयकुष्ठ अधिकृत दुवाडीले जानकारी दिनुभयो। उक्त एक्सरे उपकरणमा एआई प्रविधिको जडान गरिनुका साथै उक्त उपकरणले बिरामीको अवस्थासहितको जानकारी दिने बताउँदै उहाँले उपकरणको सही प्रयोग गर्ने उद्देश्यले विशेषज्ञ चिकित्सकको सहायतामा क्षयरोग पहिचानसम्बन्धी शिविर सञ्चालन गरिएको उल्लेख गर्नुभयो।

क्षयकुष्ठ अधिकृत दुवाडीका अनुसार यो रोग माइक्रोब्याक्टेरियम ट्यूबरकुलोसिस नामक ब्याक्टेरियाको सङ्क्रमणका कारण हुन्छ। "रोग लागेको सुरुआती अवस्थामा थोरै काम गर्दा पनि थकान महसुस हुने र कमजोरी महसुस हुन थाल्छ। मानिसले यस्ता लक्ष्यणलाई गम्भीरतापूर्वक लिँदैनन्। विस्तारै क्षयरोगको ब्याक्टेरियाले सङ्क्रमणको रूप लिई म्भीर समस्या निम्त्याउने गर्दछ", उहाँले भन्नुभयो।

रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो। सामान्यतया यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन्। तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी रहिरह्यो भने तुरुन्तै चिकित्सककहाँ जानुपर्ने क्षयकुष्ठ अधिकृत दुवाडीले सुझाव दिनुभयो।

यो रोग लागेमा सुर्ती मिसाएर बनेका कुनै पनि पदार्थ सेवन नगर्ने, सुरु गरेको भए तुरुन्तै छोड्नुपर्छ। अधिक मदिरा, लागुपदार्थ वा औषधि सेवन गर्न नहुने क्षयकुष्ठ अधिकृत दुवाडीले बताउनुभयो। स्वास्थ्यकर्मीको परामर्श लिई नियमित रूपमा पूरा समय (छदेखि आठ महिना)सम्म निःशुल्क प्राप्त हुने छ। रासस

# भ्रामक सूचना हटाउन वैदेशिक रोजगार विभागको निर्देशन

काठमाण्डु। वैदेशिक रोजगार विभागले विभाग आसपास रहेका साइबर सेन्टर र तालिम केन्द्र (इन्स्टिच्युट)बाट 'श्रम स्वीकृति' सम्बन्धी भ्रामक सूचना यही चैत ३० गतेभित्र हटाउन निर्देशन दिएको छ।

'यहाँ श्रम गरिन्छ', 'श्रम स्वीकृतिसम्बन्धी कार्य गरिन्छ', 'श्रम अनलाइन फारम भरिन्छ' वा अन्य 'श्रम' सम्बन्धी भ्रमपूर्ण सूचानाले वैदेशिक रोजगारीमा जाने सेवाग्राहीलाई भ्रममा पार्ने गरेको भन्दै विभागले ती सूचना तत्काल हटाउन निर्देशन दिएको हो।

श्रम स्वीकृतिसम्बन्धी वैदेशिक रोजगार विभाग तथा तोकिएका श्रम तथा रोजगार कार्यालयबाट मात्र हुने व्यवस्था रहेको विभागले जनाएको छ। विभागले आज सूचना जारी गर्दै उक्त काममा भ्रम सृजना गर्ने गरी हुने खालका लेखन तथा प्रचारप्रसार तत्काल बन्द गर्न आग्रह गरेको छ ।उक्त सूचनाको बर्खिलाफ गरेमा वैदेशिक रोजगार ऐन, २०६४ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ ।रासस


**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**कृषि ज्ञान केन्द्र**

**गौर, रौतहट**

**प्राङ्गारिक मल खरिदको लागि विद्युतिय बोलपत्र (e–Bidding) आव्हानको संशोधित सूचना**

मिति २०८२/१२/०४ गतेमा जनकपुर टुड राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ नं. ५ मा प्रकाशन भएको कृषि ज्ञान केन्द्र रौतहटको प्राङ्गारिक मल खरिदको विद्युतिय बोलपत्र आह्वानको सूचनाको बुदाँ नं. ३ मा बोलपत्र दर्ता र बोलपत्र खोल्ने मिति २०८३/०१/०४ हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सूधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नि.कार्यालय प्रमुख**

जनकपुर टुडे



# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। नयाँ साल ।।

पुरान साल के विद्या कर्बै
नया साल मनै बै रे जान
रे जान बेटा रे जेना बेटी के
पढ़ै बै रे जान रे जान बेटा
जेना बेटीयो के पढ़ैबै रे जान
मिथिला मधेश के युवा मिलक
बेटी बचाउ अभियान चलैबै रे जान
रे जान बेटा रे जेना बेटीयो के स्कूल
पठैबै रे जान रे जान बेटा रे जेना बेटीयो
के स्कूल पठैबे रे जान
बेटीयो के पढ़ा लिखा क डाक्टर
इन्जिनयर बनैबै रे जान रे जान
मिथिला मधेश के दहेज पथा हटैबै रे जान
रे जान मिथिला मधेशके दहेज पथा हटैबै रे जान
पुरान साल के विद्या कर्बै नया साल मनैबै रे जान
रे जान बेटा रे जेना बेटीयो के पढ़ैबै रे जान
रे जान बेटा जेना बेटी के मान समान कर्बै रे जान



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। लामो छ यात्रा ।।

छोटो छ जीवन।
लामो छ यात्रा।
सानो छ रहर।
ठूलो छ सपना।।
जीवन भो छ।
सुकेको रूख जसो।
सपना भै आकाशमा तारा भै चम्किदै छन्
सफलताको आशमा बितदै छन् जीवन
सपना पूरा गर्ने आस बढ्दै छन्।
दुःख पीडाले भरीएको छ जीवन।
कोई छैनन् आफ्नो ।।
नदीको पानी जसो बग्दैछन सपना।
न रोकाय छ पानी ।
न रोकाय छ यात्रा।।
संघर्ष अगाडि अझै बढ्दै छन्।
सपनाको किनार खोज्दै छन्।
नयाँ छ सहर ।नयाँ छ ठाउँ।
कोई छैनन् आफ्नो।।
आश दिने धेरै छन्।
साथ दिने छैनन् कोई।
सबै स्वार्थी छन् ।
कोई छैनन् आफ्नो।
फूल जसो कोमल छ जीवन।
मौरी जसो छ यात्रा।
न रोकिने ठाउँ छ।
न बस्ने ठाउँ छन्।
काँडा जसो भो छ ।यो जीवन।।
दुःख दुखैईले भारी एको छ जीवन।
न सुख छान शान्ति छन्।
जीवनको यात्रा जारी छन्।।



**लेखकः उदय प्रसाद**
**ठगानाःखडक नगरपालिका**
**(-३ सप्तरी)नेपाल**

## ।।असफल ।।

असफल भए भनेर ।
किन निरास हुन्छु म ।।
हिजो टेकेको पाइला पनि ।
भोलीको नयाँ बाटो देखाउछ नि।।
लडडै उठडै हिड्नु नै ।
जिवनको सत्य कथा हो
हार होइन अन्तिम लक्ष्य
सपना पूरा गर्ने हो
असफलताले सिकायो मलाई
धैर्य राख्न र अघि बढन
आन्धीपछी आउने घाम झैं म बन्ने छु
उज्यालो दिन एकदिन आउने छु
आज रोकिए भए पनि
भोलि फेरि उठने छु म
सफलता नयाँ बाटो रच्ने छु म



**लेखकः- अनित कुमार मण्डल**
**जनकपुर -२५**

## ।। म कसैको नजरमा मन नपर्ने मान्छे ।।

म कसैको नजरमा मन नपर्ने मान्छे,
सायद मेरो मौनता नै दोषी बन्यो,
मनभित्र आँधी चलिरहँदा पनि
ओठमा मुस्कान राख्नु नै मेरो कमजोरी बन्यो।
म कसैको नजरमा मन नपर्ने मान्छे,
किनकि म धेरै कुरा सहेर पनि
गुनासो गर्न जानिनँ,
आफ्नै आँसु लुकाएर
अरूको खुशीमा रमाउन छोडिनँ।
कहिलेकाहीँ मन सोध्छ–
के साँच्चै म यति नराम्रो छु र?
वा समयले मात्र
मलाई गलत बुझिदिएको हो कि?
तर आज पनि विश्वास छ,
एकदिन कसैले त बुझ्नेछ
यो चुपचाप हाँस्ने अनुहारभित्र
कति पीडा लुकेको छ भन्ने कुरा।
म कसैको नजरमा मन नपर्ने मान्छे,
तर मेरो मन भने अझै पनि
माया र विश्वासले भरिएको छ…
सायद यही नै
सबैभन्दा ठूलो कमजोरी हो।



**नाम : बिनय दाहाल काजी**
**ठेगाना : जनकपुर**

## 'घाम, बरखा आ किसानक सास'

घाम जरल त खेत तपल, पसिना बनल दरिया,
बीजमे ओ बोनेलखिन, आसक एक जरिया।
भोर भेल त हल्का घाम, मनमे जागल आस,
साँझ पडति बादर फूटल, टूटि गेल सब साँस।
कटल गेहूँ खेतमे पड़ल, जेकाँ सूतल भाग्य,
बरखा केर हर बूंद बनल, मेहनत पर एक दाग।
दिनमे घाम, रातिमे पानी, की ई न्याय भगवान,
मेहनत सब माटि बनि गेल, खाली रहि गेल किसान।
हाथक लकीरमे ओ अपन, सपना सब सिअनेलखिन,
मौसमक चाल देखू, सभ किछु छीनेलखिन।
कागज पर योजना बहुत, भाषणमे बड़ी बात,
धरती पर ओकर हालत के, के बुझत एह जज्बात।
ओ रोइत सेहो चुपके, हँसैत सेहो मजबूर,
धरती मायक सच्चा बेटा, तैयो रहै दूर।
सीख दैत ई समय हम्मर, बुझू ओकर पीर,
जेकरा दम पर अन्न भेटै, से आज भेल अधीर।
घाम आ बरखा केर जंगमे, ओ हरदिन हारै छै,
तैयो आसक सहारासँ, अपन जिनगी सँवारै छै।



**शिवनाथ यादव**
**मधुबनी, बिहार**

## ।।मेरो जिन्दगीको मौन पीडा।।

मेरो जिन्दगीमा यति धेरै पीडा छ,
कसलाई भनूँ, कसले सुन्ने हो थाहा छैन।
भीडको बीचमा पनि एक्लोपनले
मलाई भित्रैभित्रै खाइरहेको छ।
म एउटा फुटबल जस्तो भएछु,
जता बाट पनि हानिन्छु,
कसैले मेरो दुखाइ देख्दैन,
सबैले आफ्नो खेल खेलिरहेका छन्।
मेरो मन चिच्याउँछ,
तर आवाज बाहिर आउँदैन,
किनकि सुन्ने कोही छैन जस्तो लाग्छ।
मलाई यति चिन्ताले घेरेको छ,
सास फेर्न पनि गाह्रो भइरहेको छ।
मनभित्र हजारौं आवाज छन्,
तर बाहिर सबै मौन छ।
मनमा एउटा चाहना छ–
एक दिन सबैलाई छाडेर,
टाढा कतै शान्त ठाउँमा बसूँ,
जहाँ कोही नहोस्,
म र मेरो सास मात्र होस्।
तर अहिले…
म बाँचिएको छु,
तर अझै जिउँदै छु–
किनकि आशाको सानो झिल्को
अझै बाँकी छ



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। अपूर्ण म ।।

पूर्णको पूर्णता त अपूर्ण छ,
अपूर्णको पूर्णता पूर्ण छ।
म पूर्ण त छु, तर, अपूर्ण पनि त छु।
मेरो अपूर्ण गोजीमा पूर्ण रित्तोपन छ,
मेरो अपूर्ण सोच त पूर्ण मस्तिष्क छ।
र, मेरो अपूर्ण भावनामा पूर्ण यथार्थ छ।
पूर्ण त महाभारत पनि थियो।
तर, अपूर्ण कुरुवंश रह्यो।
पूर्ण त इतिहासका ग्रन्थ थिए।
अपूर्ण त भोगेका क्षण।
पूर्ण त सफलता पनि हो।
अपूर्ण त चिलिचयाका काँडा,
अपूर्ण त चोटका खत।
पूर्ण त मोहन पनि थिए।
पूर्ण लिला, पूर्ण परिवार,
अपूर्ण त कृष्ण र राधा।
न त म नै अपूर्ण हूँ।
न त म नै पूर्ण हूँ।
म त अपूर्णताको पूर्णता हूँ।



**नाम : प्रिन्स काफ्ले**
**ठेगाना : नयाँ ठिमी , भक्तपुर**

## ।। पुतली नसमात हेर विष छ ।।

एकादेशबाट एउटी पुतली
उड़ेर मेरै घर आगंनको
फूलमा छ्याप्पै
बसेकी छे।
उसलाई हेर्ने
कैयौं पहाड़हरू धसकीनदै
मेरै घर नजिक
ढेराबास लाउन आएका छन्
आउ है
पुतली हेर्न
आहा….!
कति सुन्दर देखीकी
फूलको मगमग बासनासितैं
मकखै पर्नु
अनि सुमसुमाईरहनु।
रंग बिरंगका हुनछन्
पुतलीहरू।
सुन्दर बगैचामा
परबाट मधुर आवाज आउदैछ
पुतली नसमात हेर विष छ।



**डुकछिरिङ लेपचा**
**मिरिक डुपटिन भारत**

## ।। लासका दासहरु हो ।।

मुर्दा लाई मसान बाट
ल्याएर ताणडब गर्दै छन यहाँ
खेती गर्ने हरु
समयमा मल जल
न पाएर रोइ रहे छन यहाँ
मेहनत कश
अन्न न पाएर
भोखै राति सुत्दै छन यहाँ
शोषक शासक
बन्दै छन यहाँ
धनी कानुन माथी र
कानुन गरिब माथी
शासन गर्दै छन यहाँ
नेता नीति को कमि छैन
केवल नियत को खांचो
छ यहाँ केवल नियत को
प्रजातन्त्र को बिरोध
गर्ने हरु सांसद
बन्दै छन यहाँ
नेपाल लाई देश होइन
लेबर निर्माण गर्ने
कारखाना बनाउदै छन यहाँ
अपराधी जेल होइन
बेल पाउदै छन यहाँ
निर्दोष लाई दोषी बनाउदै छन यहाँ
श्राम गर्ने अपमानित र
अन्याय,अत्याचार ,शोषण
गर्ने हरु समानित हुँदै छन यहाँ



**बैद्यनाथ पासवान**
**कार्यकारी निर्देशक**
**बृहतर जनकपुर क्षेत्र बिकास परिषद**

## "आशाको नयाँ किरण"

परिवर्तनको नारा बोकेर, काँधमा जिम्मेवारी थपेर,
प्रधानमन्त्री वालेन शाहको नेतृत्वमा, वालेनकै भिजनमा अघि बढ्दैछ देश, जनमतको सम्मान गरेर।
आशाका दिप बाल्दै जनताका बिचमा, वालेनको योजनामा
विकासका लहर ल्याउने अठोटका साथमा।
गरिबी र अभाव हटाउने, सुशासनको जग बसाउने,
वालेनकै प्रतिबद्धतामा नेपालीको मुहारमा खुसी ल्याउने, सबैको साथ र सहयोग पाउने।
समृद्धिको पथमा अघि बढ्दै, वालेनको परिकल्पनामा देशलाई नयाँ उचाइमा पुर्याउने,
हरेक नेपालीको सपना पूरा गर्ने, वालेनकै अठोटका साथमा अघि बढ्ने।



**लेखक : मो.आमिर हुसैन**
**ठेगाना : जनकपुरधाम २५ लोहना**

## ।। हाम्रो नेपाल को अवस्था अहिले यस्तै छ ।।

हाम्रो नेपाल को अवस्था अहिले यस्तै छ,
नेता धेरै छन् यहाँ, तर नियत सबैको उस्तै छ।
पहिले वडा अध्यक्ष थियो, पैसामै उसको ध्यान थियो,
जनताको आँसु, पीडा माथि उसको कहिल्यै मान थिएन।
कसैको काम नगरीकन, सबैसँग पैसा असुल्थ्यो,
गाउँको सेवा भन्ने कुरा उसको मनको ज्ञान थिएन।
जनताको नाम बेचेर धेरैले सत्ताको स्वाद चाखे,
गरिबको पेट रित्तिँदा पनि उनीहरूलाई ध्यान थिएन।
हाम्रो गाउँमा एक जना इमानदार मान्छे उठे,
जनताको दुःखमा साथ दिने, उनको मनमा घमण्ड थिएन।
घरदैलोमा पुगेका थिए, सबैको कुरा सुनेका थिए,
जनताको भरोसा जित्न उनले कहिल्यै छलछाम गरेन।
सबैले मिलेर जिताए जब साँचो सेवकलाई गाउँलेले,
किनकि पीडामा साथ दिने जस्तो अर्को कोही मान्छे थिएन।
जितेपछि पनि बदलिएनन्, कर्ममै लागे दिनरात,
वाचा होइन, कामले बोले– जनताको आशा कहिल्यै मरेन।
सडक, शिक्षा, पानी, बाटो– हरेक काममा अघि बढे,
सत्तामा पुगेर पनि उनले जनताको ढोका कहिल्यै छोडेन।
आज गाउँले गर्वले भन्छन्– नेता होइन, सेवक हुन्,
काम गर्ने मान्छे जितेपछि गाउँमा अन्धकार फेरि फर्केन।



**गोविन्द कुमार यादव**
**धनुषाधाम नगरपालिका-१, धनुषा**

## ।। पैसा ।।


दुनियाँमा बाच्ने आधार पैसा
पैसाले जीवन हासेको छ ।
पैसाले मानव चोला बाचेको छ।
पैसा नाचिरहेको हुन्छ सधैं ।
घुमिरहेको हुन्छ ।
यहीं पैसाको कारण कोहि धनी छ्न ।
कोहि गरिब छ्न ।
जिबनको जिउने आधार पैसा ,
बस्दा पैसा , उठदा पैसा,
खादा पैसा जिबनको बाच्ने आधार पैसा
पैसाको कारण ठुला-ठुला मालिक बनेका छन ।
कम्पनी खुलेका छ्न ।
पाटी हरु खुलेका छन ।
सबैको साथी पैसा
सबै भन्दा माथी पैसा ,
जन्मदा पैसा ,
मर्दा पैसा ,
चितामा जल्दा पैसा ,
जिवनको अमुल्य रत्न पैसा
अजम्बरी सधैं रमाउने पैसा
जिवनको जिउने आधार पैसा
पैसामा नै यो जगत हासेको छ ।
पैसाले नै सन्सार बाचेको छ।
दुनियाँमा बाच्ने आधार पैसा ।।



**प्रेम शर्मा ' एकान्त प्रेमी '**
**कालेबुङ**

## ।। हमरा नजर सा रह बौवा दुर ।।

अखन के बौवा बुच्ची कुलत मे लगै छै
गाजा भाग दारु तास मोबाईल मे दिन कटै छै
बाबू माय के टेरै नै छै मन मर्जी अपन करै छै
कोनो बात बाबू माय कहै छै जहर पियके धम्की दै छै
काम धन्दा कर कहै छै मुहँ फुलाक बैठै छै
चौरी चाचर घुमै छै बाबू माय के नै टेरै छै
पढ लिखमे जिरो बौवा हिरो बैन घुमै छै
बाबू माय के डटला पर भुखल प्यासल रहै छै
कतबो सम्झबै है बौवा के कहाँ सम्झै छै
अबरा लुच्चा लफङ्गा के संग बौवा हरदम घुमै छै
चहि बौवा के फटफटिया गाडी गाजा भागं धतुर
स्टाईमे चाहि बौवा के जिन्स पैट फाटल भरपुर
हमरा नजर सँ रे बौवा रह अब दुर



# संविधानको भावना र जनचाहनाबमोजिम काम गर्न राष्ट्रपतिको आग्रह



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावना र जनचाहनाबमोजिम काम गर्न वर्तमान सरकार सफल हुने विश्वास व्यक्त गर्नुभएको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकलाई शुक्रबार सम्बोधन गर्दै उहाँले भन्नुभयो, "वर्तमान संविधान कार्यान्वयनको १० वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्त्वपूर्ण छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू संस्थागत भएका छन् । यही अवस्थाबाट वर्तमान सरकारले जनताका चाहना र भावना पूरा गर्नुपर्नेछ ।"

*राष्ट्रपति पौडेलले गर्नुभएको सम्बोधनको पूर्णपाठ यसप्रकार छः*

*सम्माननीय सभामुखज्यू,*
*राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यू,*
*प्रतिनिधिसभा तथा राष्ट्रियसभाका माननीय सदस्यहरू,*

१. भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ ।

२. सर्वप्रथम, म नेपाली जनताले पटकपटक गरेका ऐतिहासिक आन्दोलन, सङ्घर्ष र पछिल्लोपटकको जेनजी आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याइपुर्याउन भएका सबै आन्दोलन र सङ्घर्षको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. सुशासनको प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि युवा पुस्ताको आन्दोलनपश्चात मुलुकमा उत्पन्न जटिल परिस्थितिको निकासका लागि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरी छ महिनाभित्र प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्ने घोषणासहित तत्कालीन प्रतिनिधिसभाको विघटन भएको विषय हामी सबैलाई अवगत नै छ । फागुन २१ गते तोकिएकै समयमा स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न भई ताजा जनादेशबमोजिम सरकार गठनसमेत भइसकेको छ । म यस अवसरमा निर्वाचनमा सहभागी हुने सबै राजनीतिक दल तथा उम्मेदवाहरू, निर्वाचित जनप्रतिनिधिहरूलाई बधाई ज्ञापन गर्न चाहन्छु । उहाँहरूको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु ।

४. अन्तरिम सरकारको मुख्य जिम्मेवारी तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नु थियो । सोहीअनुसार तत्कालीन सरकारले राज्य संयन्त्रलाई लयमा ल्याई भ्रष्टाचार न्यूनीकरण, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा सुधारसहित संवैधानिक र लोकतान्त्रिक अधिकारको संरक्षणका लागि कुशलतापूर्वक जिम्मेवारी निर्वाह गरेकामा हार्दिक धन्यवाद दिन चाहन्छु ।

५. प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न आआफ्नो तर्फबाट भूमिका खेल्ने तत्कालीन सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल तथा सम्पूर्ण मतदाताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

६. देशको विषम र संवेदनशील अवस्थामा सबै राजनीतिक दल, युवा पुस्ताका अभियन्ता तथा अगुवा, संवैधानिक अङ्ग, सुरक्षा निकाय, राष्ट्रसेवक, सम्पूर्ण राज्य संयन्त्रले निर्वाह गरेको भूमिका, सहयोग तथा नेपाली जनताले देखाएको संयमताप्रति आभार र धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

७. निर्वाचनमार्फत नेपालको संसदीय इतिहासमै अभुतपूर्व रूपमा युवा वर्गको प्रतिनिधित्वसहितको प्रतिनिधिसभा गठन भई नयाँ सरकारले कार्यप्रारम्भ गरिसकेको छ । यसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा युवापुस्ताको आकर्षण, विश्वास, सहभागिता र नेतृत्व विकास भएको स्पष्ट सन्देश दिएको छ ।

८. जनताले उत्तरदायी र पारदर्शी शासन प्रणाली, प्रभावकारी सेवा प्रवाह, सबै क्षेत्र र तहमा भ्रष्टाचारको अन्त्य र सुशासन स्थापना, विधिको शासन, मुलुकभित्रै रोजगारीका अवसर, दण्डहीनताको अन्त्य, सामाजिक न्याय, तीव्र आर्थिक सामाजिक विकास, शान्ति र स्थायित्वको आकाङ्क्षा राखेका छन् । पटकपटक भएका जनआन्दोलन, सङ्घर्ष र पछिल्लोपटक युवापुस्ताको आन्दोलनमार्फत नेपाली जनताले प्रकट गरेको मर्म, भावना र चाहना पनि यही थियो ।

९. जनताको यी चाहना पूरा गर्न संसद्ले नागरिक केन्द्रित, जनकल्याणकारी कानुन निर्माण गर्नुपर्दछ । निर्माण भएका कानुनको मर्म र भावनाअनुरुप प्रभावकारी र परिणाममुखी कार्यान्वयनको सुनिश्चितता सरकारले दिनेछ भन्नेमा म विश्वस्त छु । साथै, न्यायपालिकाबाट छिटोछरितो, स्वतन्त्र र निष्पक्ष न्यायसम्पादन हुनसक्यो भनेमात्र परिवर्तनका लागि अमूल्य जीवन उत्सर्ग गर्ने शहीदहरूप्रति साँचो अर्थमा सम्मान हुने ठहर्छ ।

१०. वर्तमान संविधान कार्यान्वयनको विगत १० वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्त्वपूर्ण छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू संस्थागत भएका छन् । तर संविधानको मर्म र भावना तथा जनताको चाहनाबमोजिम हामीले गर्नुपर्ने काम अझै धेरै बाँकी छ ।

११. आजका युवाको चाहना विगतभन्दा धेरै नयाँ छ । उनीहरू नयाँ कुरा सिक्न चाहन्छन् । परम्परागत श्रमका क्षेत्रले मात्र श्रमबजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न सक्दैन । तसर्थ रोजगारीका नयाँ अवसरको खोजी गर्ने र बजारको मागअनुरूपको जनशक्ति उत्पादन गर्न सक्षम हुने गरी शैक्षिक प्रणालीमा सुधार गर्दै विदेश पलायन भएको युवा वर्गलाई आफ्नै देश र आफ्नै गाउँमा बसौँबसौँ बनाउनुपर्ने आजको मुख्य आवश्यकतामा सरकारले ध्यान दिनेछ ।

१२. यसैगरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न र श्रमको उचित प्रतिफल उपलब्ध गराएर देशमा काम गरेर केही हुँदैन भन्ने धारणामा परिवर्तन ल्याउन सरकारले ढिला गर्ने छैन भन्ने पनि मेरो विश्वास छ । निराश जनशक्तिबाट कुनै पनि मुलुकको उन्नति भएको पाइँदैन । हाल युवा तथा शिक्षित बेरोजगारहरूमा देखिएको निराशाको अवस्थालाई तोड्न सरकारले विशेष ध्यान केन्द्रित गर्नेछ ।

१३. भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूत गर्न तथा आमनागरिकमा राज्यको अनुभूति दिलाउन सार्वजनिक सेवा प्रवाह चुस्तदुरुस्त हुनुपर्दछ । सरकारी संयन्त्रको सेवाप्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाएर नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूति गर्नसक्ने गरी सेवाप्रवाहको व्यवस्था मिलाउन सरकारले कुनै कसर बाँकी राख्ने छैन भन्ने पनि मेरो विश्वास छ ।

१४. हालैका दिनमा विश्व परिवेशमा देखिएका द्वन्द्व तथा अस्थिरताको अवस्थालाई मध्यनजर गरी सरकार र सम्बद्ध सबै पक्षले राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकी तथा मित्रराष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र पारस्परिक सम्मान र सहयोगमा आधारित कूटनीतिक सम्बन्ध अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

१५. जलवायु परिवर्तनले हामीलाई पारेको नकरात्मक प्रभावबाट परेको असर न्यूनीकरण गर्न जलवायु न्यायका लागि विश्व समुदायसँग सरकारले उचित पहल गर्नेछ ।

१६. मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, राष्ट्रिय एकताको प्रवर्द्धन तथा आर्थिक समृद्धिको साझा लक्ष्य हासिल गर्न हामी फुटेर होइन जुटेर, विगतका कटुता कोट्याएर होइन त्यसबाट पाठ सिक्दै एकताबद्ध भई अघि बढ्नुपर्ने खाँचो छ ।

१७. अन्त्यमा, लोकतान्त्रिक मूल्य र मान्यता र आदर्शलाई आत्मसाथ गरी सुशासन, विकास र समृद्धिको यात्रामा सम्पूर्ण नेपाली जनता, जनप्रतिनिधिहरू, राजनीतिक दल तथा राज्य संयन्त्र एकजुट भई अघि बढ्न आह्वान गर्दै सार्वभौम संसद्, नेपाली जनताको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन र समृद्धिको चाहनालाई मुखरित गर्न सफल हुने विश्वास व्यक्त गर्दछु ।

जय नेपाल ।रासस

## 'सञ्चार क्षेत्रको संरक्षण र संवर्द्धन गर्नु सरकारको दायित्व हो'



अत्तरिया । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सञ्चार क्षेत्रको संरक्षण र संवर्द्धन गर्नु सरकारको दायित्व भएको बताउनुभएको छ ।

सरकारले सरकारी सूचना सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन/प्रसारण गर्न/गराउन गरेको परिपत्र सच्याउन माग गर्दै नेपाल पत्रकार महासङ्घले सुरु गरेको दबाबमूलक कार्यक्रमअन्तर्गत आज महासङ्घको सुदूरपश्चिम प्रदेश समिति र कैलाली शाखाद्वारा धनगढीमा आयोजित छलफलमा उहाँले सञ्चार क्षेत्र राज्यको चौथो अङ्गका रूपमा रहेको बताउनुभयो ।

मुख्यमन्त्री शाहले भन्नुभयो, "सञ्चार क्षेत्रले सङ्घीयता, लोकतन्त्र, गणतन्त्रका लागि खेलेको भूमिका महत्त्वपूर्ण छ । राज्यले चौथो अङ्गका रूपमा लिएको पत्रकारिताको संरक्षण र संवर्द्धन गर्न सरकारले विशेष योजनासहित स्पष्ट नीति बनाउनुपर्छ ।" उहाँले कोही पनि मर्कामा नपर्ने गरी नीति बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मुख्यमन्त्री शाहले सञ्चार क्षेत्रको संरक्षण नभए वा कमजोर भएमा लोकतन्त्र पनि कमजोर बन्ने धारणा राख्नुभयो । पछिल्लो समय सङ्घीय सरकारले सरकारी सूचना/विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै प्रकाशन/प्रसारण गर्न जारी गरेको परिपत्रले निजी क्षेत्रका सञ्चारमाध्यममा असहजता सृजना भएको बताउँदै उहाँले सबैको सहजता र सबैलाई मान्य हुने नीति सरकारले ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री शाहले केही दिनअघि सुदूरपश्चिम प्रदेशसभामा आमसञ्चार विधेयक टेबुल भएको बताउँदै सञ्चार क्षेत्रको समग्र विकासका लागि विधेयक थप परिमार्जित र संशोधन गर्ने सम्बन्धमा प्रदेश सरकार प्रतिबद्ध र स्पष्ट रहेको बताउनुभयो ।रासस

## सरकारमा समावेशी सहभागिताः
# मन्त्रिपरिषद्मा ४० प्रतिशत महिला



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले समावेशी शासनलाई केन्द्रमा राख्दै मन्त्रिपरिषद्मा महिलाको सहभागिता करिब ४० प्रतिशत गराएको छ । कुल १६ सदस्यीय मन्त्रिपरिषद्मा छ जना महिला मन्त्री नियुक्त हुनुभएको हो । यसले ३७ दशमलव पाँच (करिब ४०) प्रतिशत प्रतिनिधित्व कायम गरेको छ ।

यो अनुपातले नेपालमा मन्त्रिपरिषद्स्तरमा महिला सहभागिताको नयाँ मानक स्थापित गरेको प्रधानमन्त्री शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहालले बताउनुभयो । "वर्तमान सरकार समावेशी र समतामूलक शासन प्रणालीमा विश्वास गर्छ । मन्त्रिपरिषद्मा ३७ दशमलव पाँच प्रतिशत महिला मन्त्रीको उपस्थिति हुनुले हामीले भन्दै आएको रुपान्तरणकारी राजनीतिलाई व्यवहारमा उतारेको पुष्टि गर्छ", उहाँले भन्नुभयो ।

अधिवक्ता तथा अधिकारकर्मीले पनि सरकारको यो कदमको प्रशंसा गरेका छन् । गत चैत १३ गते प्रधानमन्त्री शाह नेतृत्वको नयाँ सरकार गठन हुँदा कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीमा सोविता गौतम, कृषि तथा पशुपन्छी विकासमन्त्रीमा गीता चौधरी, महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा सीता वादी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीमा निशा मेहेता नियुक्त हुनुभयो ।

प्रधानमन्त्री शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आजै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा गौरीकुमारी यादवलाई नियुक्त गर्नुभएको छ । नेपालको संविधानले राज्यका निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरे पनि विगतका सरकारमा यो लक्ष्य प्रायः पूरा हुनसकेको थिएन । यसपटकको सरकारले उक्त संवैधानिक सीमालाई पार गर्दै करिब ४० प्रतिशत महिला सहभागिता पुऱ्याएको भन्दै अधिकारकर्मीले यसलाई सकारात्मक रूपमा लिनुपर्ने भन्दै समावेशी शासनतर्फ सकारात्मक कदमका रूपमा हेरिएको प्रतिक्रिया दिएका छन् ।

यस कदमले समावेशी लोकतन्त्रलाई मजबुत बनाउनका लागि महिलामैत्री नीति निर्माणमा सहयोग पुग्ने उहाँहरूको बुझाइ छ । राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारीले मन्त्रिपरिषद्मा महिलाको यस्तो उच्च सहभागिता मुलुकको इतिहासमा पहिलो भएको बताउँदै यसलाई महत्त्वपूर्ण र सकारात्मक उपलब्धिका रूपमा लिनुपर्नेमा जोड दिनुभयो ।

"सङ्ख्याका आधारमा मन्त्रिपरिषद्मा यति धेरै महिला सहभागिता पहिलोपटक भएको हो", उहाँले भन्नुभयो, "१६ सदस्यीय मन्त्रिपरिषद्मा छ जना महिला सहभागी हुनु भनेको महिला नेतृत्वमा समावेशीतर्फ एक उदाहरणीय कदम हो । साथै शुक्रबारै रुबी ठाकुरलाई उपसभामुखमा चयन गर्नु समावेशी एजेन्डाप्रति सरकारको संवेदनशीलताको बलियो सङ्केत हो ।"

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाका अनुसार यो सहभागिता सन्तोषजनकमात्र नभई नीतिगत संवेदनशीलता बढाउने अवसर पनि हो । "महिलाको सहभागिताले महिलासम्बन्धी मुद्दामा संवेदनशील निर्णय लिन सहयोग पुग्नेछ", उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले निकट भविष्यमा महिला सहभागिता ५० प्रतिशतसम्म पुऱ्याउनुपर्ने सुझाव पनि दिनुभयो ।

अधिवक्ता भावना दाहालले सङ्ख्यासँगै विविधता पनि महत्त्वपूर्ण हुने बताउँदै वर्तमान मन्त्रिपरिषद्ले सकारात्मक सन्देश दिएको धारणा राख्नुभयो । "सङ्ख्यामात्र होइन, महिला नेतृत्वमा विविधता हुनु पनि सकारात्मक सङ्केत हो", उहाँले भन्नुभयो ।रासस

> "वर्तमान सरकार समावेशी र समतामूलक शासन प्रणालीमा विश्वास गर्छ । मन्त्रिपरिषद्मा ३७ दशमलव पाँच प्रतिशत महिला मन्त्रीको उपस्थिति हुनुले हामीले भन्दै आएको रुपान्तरणकारी राजनीतिलाई व्यवहारमा उतारेको पुष्टि गर्छ"

# राष्ट्रपतिको सम्बोधनका लागि राष्ट्रियसभाबाट धन्यवाद ज्ञापन



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि राष्ट्रियसभाले धन्यवाद ज्ञापन गरेको छ । सभाको शुक्रबारको बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले राख्नुभएको धन्यवादको प्रस्तावलाई सभाले सहमति जनाएको हो ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९५ बमोजिम शुक्रबार अपराह्न ३:०० बजे सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभएको थियो । त्यसअघि बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रपतिद्वारा सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गरिएको सम्बोधनको प्रति टेबुल गर्नुभयो ।

बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को कार्यविभाजन हेरफेरसम्बन्धी पत्रको व्यहोरा सुनाउनुभयो । सभामा अध्यक्ष दाहालले संसदीय सुनुवाइ समितिमा सदस्यहरू आनन्दप्रसाद ढुङ्गाना, नरबहादुर विष्ट र प्रेमप्रसाद दङ्गाल तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा सदस्यहरू किरणबाबु श्रेष्ठ, मदनकुमारी शाह (गरिमा) र डा अञ्जान शाक्यलाई मनोनित गरिएको जानकारी दिनुभयो । उक्त मनोनयलाई सभाले सहमति जनाएको छ ।

बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त चालु २०औँ अधिवेशन अन्त्यसम्बन्धी पत्रको व्यहोरा जानकारी गराउनुभयो । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद्को यही चैत २४ गतेको सिफारिसमा शुक्रबारै राति १२:०० बजेदेखि लागू हुनेगरी सङ्घीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गर्नुभएको छ । रासस

## प्रतिनिधिसभा बैठकः
# उपसभामुखमा ठाकुर निर्वाचित

काठमाण्डु । प्रतिनिधिसभाको उपसभामुख पदमा श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर निर्वाचित हुनुभएको छ । सभाको शुक्रबारको बैठकमा प्रस्तावक र समर्थकहरूको छलफलपछि भएको मतदानमा ठाकुर अत्यधिक मतसहित निर्वाचित हुनुभएको सभामुख डोलप्रसाद अर्यालले घोषणा गर्नुभयो ।



मतदानमा ठाकुरको पक्षमा दुई सय २९ र प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सरस्वती लामाका पक्षमा पाँच मत खसेको थियो । कुनै पनि उम्मेदवारलाई मत दिन्न भन्नेमा २२ मत खसेको थियो । हाल प्रतिनिधिसभामा दुई सय ७५ सदस्य रहेकामा मतदानमा दुई सय ५६ जना सांसदले भाग लिनुभएको थियो ।

सयैबीच, सभामुख अर्यालले विजयी ठाकुरलाई बधाई दिनुभयो । विजयी हुनुभएकी २६ वर्षीया ठाकुरलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले मत दिएका थिए । आजै राति १२:०० बजेदेखि प्रतिनिधिसभाको पहिलो अधिवेशन समाप्त हुँदैछ ।रासस

# वैज्ञानिक अनुसन्धानलाई राष्ट्रिय दायित्वका रूपमा लिन सक्नुपर्छ : उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले स्वास्थ्य अनुसन्धानलाई शैक्षिक अभ्यासमात्र नभई राष्ट्रिय दायित्वका रूपमा स्वीकार गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रमाणमा आधारित नीति निर्माणलाई सुदृढ बनाउन सबै पक्षसँगको सहकार्य अपरिहार्य भएको बताउनुभएको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्द्वारा शुक्रबार आयोजित 'नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या वैज्ञानिकहरूको १२औं राष्ट्रिय शिखर सम्मेलन'को उद्घाटन समारोहमा स्वास्थ्य अनुसन्धानले रोगका कारण, उपचारका विकल्प, जनसङ्ख्या-स्वास्थ्य प्रवृत्ति तथा सामाजिक-आर्थिक प्रभावबारे दीर्घकालीन दृष्टिकोण प्रदान गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो ।



नसर्ने रोगहरूको बढ्दो बोझ, जलवायु परिवर्तनका प्रतिकूल असर, भौगोलिक तथा सांस्कृतिक विविधताबाट उत्पन्न असमानताजस्ता चुनौतीलाई सामना गर्न अनुसन्धानलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्नेमा उपराष्ट्रपतिको जोड थियो । "परम्परागत उपचार पद्धति र आधुनिक वैज्ञानिक अनुसन्धानबीच सहकार्यलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो, "अनुसन्धानका नतिजा केवल शैक्षिक प्रकाशनमा सीमित नराखी नीति, कार्यक्रम र कार्यान्वयनमा प्रत्यक्ष प्रयोग गर्न सक्नुपर्छ ।"

संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले वैज्ञानिक तथ्याङ्कलाई नीति निर्माणमा रूपान्तरण गर्नु संविधानको मूल मर्म भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अनुसन्धानले चिकित्सक, स्वास्थ्यकर्मी तथा वैज्ञानिकलाई अद्यावधिक ज्ञान प्रदान गर्दै व्यावहारिक दक्षता अभिवृद्धिमा सहयोग पुग्ने र नीति निर्माता, शिक्षाविद् तथा विकास साझेदारबीच सहकार्यको वातावरण निर्माणमा सघाउँछ ।"रासस

## गाजा युद्धविरामः

# सिकाइ र अन्योल



एपी

डेर अल-बालाह । गाजामा लागू भएको युद्धविरामले शुक्रबार छ महिना पूरा गरेको छ, तर अपेक्षित शान्ति र स्थिरताको सट्टा यसले अधुरो प्रतिबद्धता, मानवीय सङ्कट र कूटनीतिक ढिलाइको कठोर यथार्थ उजागर गरेको छ । यही अनुभवले अहिले इरानसँगको नाजुक युद्धविरामलाई बुझ्न महत्त्वपूर्ण सन्दर्भ प्रदान गरेको छ ।

करिब २० लाख मानिस बसोबास गर्ने गाजा क्षेत्रमा इजरायली सेना र हमास नेतृत्वका लडाकूबीचको तीव्र युद्ध रोकिए पनि स्थायी समाधानतर्फका अधिकांश कदम अझै अघि बढ्न सकेका छैनन् । हमासलाई निःशस्त्र बनाउने, दुई दशक लामो शासनको अन्त्य गर्ने, अन्तर्राष्ट्रिय स्थिरीकरण बल तैनाथ गर्ने र व्यापक पुनर्निर्माण सुरु गर्ने जस्ता मुख्य कार्यहरू कागजमै सीमित छन् । इजरायलको नियन्त्रणमा रहेको एक मात्र सीमा नाकाबाट सीमित मात्रामा सहायता प्रवेश भइरहेको छ, जसले गाजावासीलाई निरन्तर अनिश्चिततामा राखेको छ ।यी चुनौतीहरूले हालै सुरु भएको इरान युद्धको युद्धविराममा पनि यस्तै जटिलता आउन सक्ने सङ्केत दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहलमा बमबारी रोकिए पनि त्यसपछि दीर्घकालीन शान्ति सुनिश्चित गर्ने कार्यहरू अन्य पक्षहरूको जिम्मामा छाडिएको देखिन्छ । यसले विश्व बजार र कूटनीतिक वृत्तमा अस्थिरता बढाएको छ ।

युद्धविरामको सफलता विवरण र कार्यान्वयनमा निर्भर हुने स्पष्ट भएको छ । इरानसँगको दुई हप्ते युद्धविरामले लेबनानमा थप भ्रम सिर्जना गरेको छ, जहाँ इजरायलले उक्त सम्झौता लागू नहुने बताउँदै हिजबुल्लाहमाथि आक्रमण जारी राखेको छ भने इरानले त्यसलाई सम्झौताभित्र पर्ने दाबी गर्दै चेतावनी दिइरहेको छ । यद्यपि औपचारिक कूटनीतिक सम्बन्ध नभए पनि इजरायलले लेबनानसँग प्रत्यक्ष वार्ताको अनुमति दिने घोषणा गरेको छ, जसले नयाँ सम्भावना र अन्योल दुवै उत्पन्न गरेको छ ।

यसअघि अमेरिकाको पहलमा स्थापना गरिएको र ट्रम्पको नेतृत्वमा रहेको 'बोर्ड अफ पिस' ले सात अर्ब डलरको प्रतिबद्धतासहित गाजा मात्र नभई विश्वका अन्य द्वन्द्व समाधान गर्ने उद्देश्य लिएको थियो । तर यसको पहिलो बैठकपछि केही दिनमै इरानमाथि आक्रमण सुरु भएपछि यो संयन्त्र निष्क्रियजस्तै बनेको छ । हमासले निःशस्त्रीकरण प्रस्तावमा अझै प्रतिक्रिया नदिएकाले प्रक्रिया थप अलमलिएको छ ।

अमेरिकी अधिकारीहरूले धैर्य असीमित नरहने चेतावनी दिए पनि स्पष्ट समयसीमा नतोकिँदा दबाब कमजोर भएको देखिन्छ । कूटनीतिक प्रयासहरू विभिन्न मोर्चामा फैलिँदा गाजाजस्तो संवेदनशील क्षेत्र ओझेलमा परेको सङ्केत मिलेको छ ।संयुक्त राष्ट्रसङ्घमा प्रस्तुत विवरणअनुसार गाजाको भविष्य 'नयाँ युद्ध वा नयाँ सुरुआत' बीच अडिएको छ । तर स्थानीय बासिन्दाहरूका लागि तेस्रो विकल्प, अर्थात् बेवास्ता, अझ वास्तविक जस्तो देखिएको छ ।

अक्टोबर १० देखि लागू भएको युद्धविरामपछि छ महिना बितिसक्दा पनि गाजाको दैनिक जीवनमा उल्लेखनीय सुधार आएको छैन । विशाल पालका शिविरहरूमा अधिकांश जनसङ्ख्या बस्न बाध्य छन् भने केही मानिसहरू क्षतिग्रस्त भवनहरूमा आश्रय लिइरहेका छन् । स्वास्थ्यकर्मीहरूले औषधि र राहत सामग्रीको आपूर्ति अपेक्षाअनुसार नबढेको बताएका छन् ।पाँच अन्तर्राष्ट्रिय सहायता संस्थाले सार्वजनिक गरेको मूल्याङ्कनअनुसार २० बुँदे युद्धविराम योजना मानवीय दृष्टिले निकै कमजोर साबित भएको छ । मार्च २०२६ को पहिलो दुई हप्तामै गाजामा प्रवेश गर्ने सहायता ट्रकहरू ८० प्रतिशतले घटेका छन् भने अत्यावश्यक वस्तुको मूल्य अत्यधिक बढेको छ । चिकित्सा निकासीसमेत ठप्पजस्तै भएको छ ।

स्थानीय बासिन्दाहरूले निराशा व्यक्त गरिरहेका छन् । विस्थापित एक महिलाले वातावरण प्रदूषित र रोग फैलिएको बताउँदै युद्धविराम भएको अनुभूति नै नभएको गुनासो गरिन् । अर्का एक बासिन्दाले युद्ध रोकिए पनि जीवन अझै भयावह रहेको उल्लेख गरे ।स्थानीय स्तरमा छिटपुट हिंसा जारी नै छ । इजरायली सेनाले कब्जा क्षेत्र नजिक हवाई आक्रमण र गोली प्रहार गरिरहेको छ भने लडाकू समूहहरूले पनि प्रतिकार गरिरहेका छन् ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्धविराम अवधिमा मात्र ७३८ जनाको ज्यान गएको छ ।समग्रमा, अक्टोबर ७, २०२३ मा सुरु भएको युद्धयता ७२ हजार ३१७ प्यालेस्टिनी मारिएका छन् । यी तथ्याङ्कहरू अन्तर्राष्ट्रिय निकायहरूले सामान्यतया विश्वसनीय माने पनि नागरिक र लडाकूबीचको स्पष्ट विभाजन भने दिइएको छैन ।

अन्तर्राष्ट्रिय ध्यान घट्दै जानु पनि अर्को चुनौती बनेको छ । एक समय विश्वव्यापी आक्रोशको केन्द्र रहेको गाजा अहिले इरान युद्धको छायाँमा परेको छ । यसले युद्धविराम कार्यान्वयनमा आवश्यक कूटनीतिक दबाब कमजोर बनाएको छ ।सहायता संस्थाहरूले लगातार उच्च तहबाट विशेषगरी अमेरिकाले दबाब दिनु आवश्यक रहेको बताएका छन् । तर यस्तो दबाब पर्याप्त रूपमा कायम नरहेको उनीहरूको निष्कर्ष छ ।मध्यपूर्वका प्रमुख मध्यस्थकर्ता इजिप्ट र कतारसमेत अहिले इरानसँगको युद्ध र त्यसको आर्थिक प्रभावतर्फ केन्द्रित भएका छन् । यसले गाजाको दीर्घकालीन समाधान अझ पर धकेलिएको छ ।

यस्तै अवस्थामा लेबनानमा इजरायल-हिजबुल्लाहबीचको तनावले क्षेत्रीय अस्थिरता बढाएको छ । गाजा स्थिरीकरणका लागि प्रस्तावित अन्तर्राष्ट्रिय बलमा योगदान दिन इच्छुक देशहरूको सङ्ख्या घट्न सक्ने चिन्ता पनि बढेको छ । उदाहरणका रूपमा इन्डोनेसियाले हालै लेबनानमा आफ्ना तीन शान्ति सैनिक गुमाएको छ ।यसरी गाजाको छ महिनाको युद्धविरामले देखाएको अधुरो शान्ति, कमजोर कार्यान्वयन र घट्दो अन्तर्राष्ट्रिय ध्यानले इरानसँगको वर्तमान युद्धविरामलाई सफल बनाउन गम्भीर पाठ प्रस्तुत गरेको छ ।

# विश्व अर्थतन्त्रमा जोखिम बढ्दै, सावधानी आवश्यक : आईएमएफ




सिन्ह्वा

न्यूयोर्क । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को प्रमुख क्रिस्टालिना जर्जिएभाले मध्यपूर्वमा जारी युद्धका कारण विश्व अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्न सबै देशहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आह्वान गर्नुभएको छ । न्युयोर्कमा आयोजित सन् २०२६ को वसन्त बैठकको उद्घाटनका अवसरमा बोल्दै उनले एक्लाएक्लै निर्णय लिने, निर्यात नियन्त्रण गर्ने वा मूल्य नियन्त्रणजस्ता कदमहरूले विश्व आर्थिक अवस्थालाई अझ अस्थिर बनाउन सक्ने चेतावनी दिनुभएको छ ।

उहाँका अनुसार प्रत्येक देशका वित्तीय निकायहरूले कमजोर वर्गलाई लक्षित गरी सीमित र अस्थायी सहयोग प्रदान गर्नुपर्छ, जुन मध्यम अवधिको आर्थिक योजनासँग मिल्दोजुल्दो हुनुपर्छ । यसले आर्थिक दबाबमा परेका नागरिकलाई राहत दिन सहयोग गर्नेछ तर दीर्घकालीन आर्थिक स्थायित्वमा असर नपार्नेछ ।

त्यसैगरी उहाँले केन्द्रीय बैङ्कहरूलाई पनि सचेत रहन आग्रह गर्दै मुद्रास्फीति अनियन्त्रित हुने सङ्केत देखिएमा ब्याजदर बढाएर नियन्त्रण गर्नुपर्ने बताउनुभएको छ । उहाँले यस्तो कदमले मूल्यवृद्धिको चक्रलाई नियन्त्रण गर्न मद्दत गर्ने उल्लेख गर्नुभयो । साथै, आर्थिक सहयोग कार्यक्रमहरू अस्थायी र स्पष्ट समयसीमा सहित लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले वित्तीय नियामक निकायहरूलाई पनि सजग, लचिलो र छिटो प्रतिक्रिया दिन सक्ने बनिनुपर्ने आवश्यकता औंल्याउनुभएको छ, किनभने वर्तमान अवस्था अत्यन्त परिवर्तनशील रहेको छ । सीमित आर्थिक स्रोतहरूको जिम्मेवार प्रयोग गर्दै वित्तीय स्थायित्व कायम राख्न सूक्ष्म तथा समष्टिगत नीतिहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले सदस्य राष्ट्रहरूलाई आवश्यक वित्तीय सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै मध्यपूर्व युद्धको प्रभावका कारण छोटो अवधिमा भुक्तानी सन्तुलनका लागि सहयोगको माग करिब २० अर्बदेखि ५० अर्ब डलरसम्म पुग्न सक्ने अनुमान व्यक्त गनुभएको छ ।

# मध्यपूर्वमा युक्रेनको गोप्य भूमिका

एपी

किएभ । युक्रेनले आफ्नै युद्धको अनुभवलाई सीमित नराखी मध्यपूर्वसम्म विस्तार गरेको खुलासा भएको छ । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युक्रेनी सेनाले इरानसँग सम्बन्धित युद्धका क्रममा मध्यपूर्वका विभिन्न देशहरूमा इरानी डिजाइनका साहेद ड्रोनहरू खसाल्न सक्रिय भूमिका खेलेको बताउनुभएको छ । यसले युक्रेनको सैन्य रणनीति अब अन्तर्राष्ट्रिय स्तरमा फैलिएको सङ्केत दिएको छ ।



सीमित पहुँच भएका पत्रकारहरूसँग कुरा गर्दै उहाँले पहिलो पटक यस्तो अपरेसनको पुष्टि गर्नुभएको हो । उहाँका अनुसार यो कुनै अभ्यास वा तालिम नभई वास्तविक युद्धस्थितिमा प्रभावकारी हुने हवाई सुरक्षा प्रणाली निर्माणमा सहयोग गर्ने उद्देश्यले गरिएको कारबाही थियो । युक्रेनले आफ्नै भूमिमा रुसविरुद्ध प्रयोग भइरहेका इरानी साहेद ड्रोनको प्रतिरोधमा विकास गरेको इन्टरसेप्टर प्रविधि प्रयोग गरेर विदेशमा पनि कार्य गरेको उहाँले स्पष्ट पार्नुभयो ।

मध्यपूर्वमा इरान, अमेरिका र इजरायलबीच अस्थायी युद्धविराम हुनु अघि युक्रेनी टोलीहरूले रक्षात्मक अपरेसनमा सहभागिता जनाएको जानकारी दिइएको छ । यद्यपि संलग्न देशहरूको नाम सार्वजनिक गरिएको छैन । युक्रेनी विशेषज्ञहरूले विभिन्न देशहरूमा पुगेर हवाई रक्षा प्रणाली सुदृढ बनाउन सहयोग गरेको बताइएको छ । यसअघि नै २२८ जना युक्रेनी विशेषज्ञ उक्त क्षेत्रमा परिचालित गरिएको जानकारी सार्वजनिक भइसकेको थियो ।

यस सहकार्यको प्रतिफलस्वरूप युक्रेनले ऊर्जा सुरक्षासम्बन्धी सहयोग प्राप्त गरिरहेको छ । तेल, डिजेल र केही अवस्थामा आर्थिक सहायता समेत प्राप्त भएको उल्लेख गर्दै राष्ट्रपति जेलेन्स्कीले यसले युक्रेनको ऊर्जा पूर्वाधारलाई स्थिर बनाउन मद्दत गर्ने बताउनुभयो । उहाँका अनुसार यस्तो सहकार्य केवल आर्थिक लाभमा सीमित नभई पारस्परिक सुरक्षामा आधारित रहेको छ ।

उहाँले यस्ता सम्झौताहरूलाई युक्रेनको रक्षा क्षमताको 'मार्केटिङ' का रूपमा पनि व्याख्या गर्नुभयो, जसले भविष्यमा रक्षा निर्यात विस्तार गर्ने लक्ष्यलाई सघाउने विश्वास गरिएको छ । "हामीले हाम्रो लचकतामा उनीहरूको सहयोग लिँदै उनीहरूको सुरक्षामा योगदान दिइरहेका छौं", उहाँले भन्नुभयो ।

तर यो खुलासा यस्तो समयमा आएको छ, जतिबेला मध्यपूर्वमा चर्किएको तनावका कारण युक्रेनले पाउने पश्चिमी सैन्य सहयोग प्रभावित हुन सक्ने चिन्ता बढिरहेको छ । विशेषगरी हवाई रक्षा प्रणालीमा आवश्यक सामग्री आपूर्ति घट्न सक्ने आशङ्का गरिएको छ । यद्यपि राष्ट्रपति जेलेन्स्कीले साझेदार राष्ट्रहरूले प्याट्रियट प्रणालीका लागि मिसाइल आपूर्ति जारी राखेको र हालै थप सामग्री प्राप्त भएको जानकारी दिनुभयो ।

उहाँले आगामी वसन्त र गर्मी युक्रेनका लागि चुनौतीपूर्ण हुन सक्ने चेतावनी दिनुभयो । अमेरिकी आन्तरिक राजनीति र चुनावी माहोलले युक्रेनप्रतिको ध्यान कमजोर पार्न सक्ने उहाँको बुझाइ छ ।यसै क्रममा उहाँले अमेरिकी दूतहरू स्टिभ विटकफ र जारेड कुशनरलाई किएभ भ्रमणका लागि निमन्त्रणा दिनुभएको र रुससँग त्रिपक्षीय वार्ताको प्रस्ताव राख्नुभएको जानकारी दिनुभयो । तर उहाँहरू युक्रेन आउने वा तेस्रो देशमा वार्ता हुने भन्ने अझै स्पष्ट छैन ।

अहिलेसम्म अमेरिकाको नेतृत्वमा भएका वार्ताहरूले ठोस प्रगति गर्न सकेका छैनन् । वासिङ्टनको ध्यान मध्यपूर्वतर्फ मोडिँदा करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा रुस र युक्रेनबीच लडाइँ जारी छ ।ऊर्जा राजनीतिमा पनि तनाव देखिएको छ । राष्ट्रपति जेलेन्स्कीले रूसी तेलमाथि कडा प्रतिबन्ध पुनः लागू गर्नुपर्ने आवश्यकता औंल्याउँदै कुनै पनि खुकुलोपनले मस्कोलाई युद्ध जारी राख्न सहयोग पुग्ने चेतावनी दिनुभयो । खाडी क्षेत्रमा पूर्वाधारमा क्षति र होर्मुज जलडमरूमध्यमा अवरोधका कारण बढेको विश्वव्यापी तेल मूल्यबाट रुसले फाइदा उठाइरहेको उहाँको भनाइ छ ।

युक्रेनले पनि यसको प्रतिक्रिया स्वरूप रूसी ऊर्जा संरचनामाथि आक्रमण तीव्र बनाएको जनाएको छ । यद्यपि केही साझेदार राष्ट्रहरूले इरानले समुद्री मार्ग अवरुद्ध गरेको अवस्थामा यस्ता आक्रमण कम गर्न आग्रह गरेको उहाँले खुलासा गर्नुभयो ।यसबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले इस्टर पर्वको अवसरमा ३२ घण्टे अस्थायी युद्धविराम घोषणा गर्नुभएको छ । यसको प्रतिक्रिया दिँदै राष्ट्रपति जेलेन्स्कीले युक्रेन पनि समान कदम चाल्न तयार रहेको बताउनुभयो । उहाँले इस्टर शान्तिपूर्ण हुनुपर्नेमा जोड दिँदै युद्धविरामलाई स्थायीतर्फ लैजानुपर्ने उल्लेख गर्नुभयो ।

यसअघि भएका युद्धविराम प्रयासहरू सफल हुन नसकेको इतिहास रहेको छ, जहाँ दुवै पक्षले एकअर्कामाथि उल्लङ्घनको आरोप लगाउँदै आएका छन् । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पछिल्लो कदमलाई मानवीय सङ्केतका रूपमा व्याख्या गरे पनि दीर्घकालीन समाधान अझै टाढा रहेको सङ्केत गर्नुभयो ।युक्रेनको यो नयाँ सक्रियता केवल आफ्नो रक्षा सीमित राख्ने रणनीतिबाट बाहिर निस्कँदै अन्तर्राष्ट्रिय सुरक्षामा भूमिका विस्तार गर्ने प्रयासका रूपमा देखिएको छ, जसले विश्व शक्ति सन्तुलनमा नयाँ आयाम थप्ने सङ्केत दिएको छ ।

# अमेरिका-इरान वार्ता अन्योलमा

एएफपी

इस्लामाबाद । अमेरिका र इरानबीच पाकिस्तानमा हुने भनिएको उच्चस्तरीय वार्ता सुरु नहुँदै अनिश्चिततामा फसेपछि युद्धविरामको भविष्यप्रति नयाँ चिन्ता थपेको छ । वार्ताकारहरूको आगमनबारे कुनै स्पष्ट घोषणा नभएको अवस्थामा दुवै पक्षले एकअर्कामाथि आरोप लगाउँदै परिस्थितिलाई थप जटिल बनाएका छन् ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले रणनीतिक महत्त्व बोकेको स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनमा ल्याउने सहमति उल्लङ्घन गरेको आरोप लगाउनुभएको छ । उता, तेहरानले भने लेबनानमा भइरहेको इजरायली आक्रमणप्रति तीव्र असन्तुष्टि जनाउँदै त्यसलाई पनि युद्धविराम सम्झौताभित्र पर्ने विषय भएको दाबी गरेको छ, जसलाई वासिङ्टनले अस्वीकार गर्दै आएको छ । य ी तनावका बाबजुद पाकिस्तानले वार्ताको तयारीलाई अघि बढाइरहेको छ । आधिकारिक स्रोतहरूका अनुसार प्रस्तावित छलफलमा इरानको आणविक कार्यक्रम, क्षेत्रीय सुरक्षा र जलडमरूमध्यमार्फत हुने अन्तर ाष्ट्रिय व्यापारको स्वतन्त्र प्रवाहजस्ता संवेदनशील विषयहरू समेटिने अपेक्षा गरिएको थियो ।

तर इरानले आफ्नो सहभागिता सःशर्त बनाएको सङ्केत दिएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले लेबनानमा इजरायली आक्रमण नरोकिए वार्ता निरर्थक हुने चेतावनी दिनुभयो । उहाँले अमेरिका आफ्ना युद्धविरामसम्बन्धी प्रतिबद्धताहरू विशेषगरी लेबनानको सन्दर्भमा कार्यान्वयन गर्न तयार हुनुपर्ने बताउनुभयो।इरानीअधिकारीहरूले त इजरायली आक्रमण जारी रहेसम्म इस्लामाबादमा हुने वार्तालाई 'अर्थहीन' ठहर गरेका छन् ।यद्यपि, इरानको रिभोलुसनरी गाड्र्सले आफूहरू युद्धविरामप्रति प्रतिबद्ध रहेको र कुनै पनि देशमा द्वन्द्व सुरु नगरेको दाबी गरेको छ । यसले औपचारिक भनाइ र व्यवहारबीचको दूरीलाई उजागर गरेको छ ।

सामाजिक सञ्जालमार्फत व्यक्त विचारहरू पनि तनाव बढाउने खालका देखिएका छन् । ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य हुँदै तेल ढुवानीमा अवरोध सिर्जना गरेर 'धेरै खराब काम' गरेको आरोप लगाउँदै युद्धविराम उल्लङ्घन भएको बताउनुभयो ।

विश्वको करिब पाँचौं भाग तेल र ठूलो परिमाणमा ग्यास तथा मल यही मार्गबाट प्रवाह भएकाले यसको प्रभाव विश्व अर्थतन्त्रमा प्रत्यक्ष पर्ने गर्दछ । युद्धविराम घोषणा भएयता त्यहाँबाट सीमित मात्रामा जहाज आवतजावत भएको जनाइएको छ । दुई हप्ते युद्धविराममार्फत हजारौँको ज्यान लिएको द्वन्द्व अन्त्य गर्दै वार्ताको ढोका खोल्ने प्रयास गरिएको थियो । तर वर्तमान अन्योलले फेरि हिंसा चर्किने डर बढाएको छ । तेहरानकी एक स्थानीय बासिन्दाले आफू युद्ध पुनः सुरु हुने र वर्तमान शासन दुवैबाट त्रसित रहेको प्रतिक्रिया दिएकी छन् ।

पाकिस्तानका लागि इरानका राजदूतले आफ्नो प्रतिनिधिमण्डल आगमनसम्बन्धी सामाजिक सञ्जाल पोस्ट हटाउनुभएपछि वार्ताको तयारीमा थप अन्योल देखियो । यद्यपि अमेरिकी उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा प्रतिनिधिमण्डल शनिबार आउने बताइएको छ । प्रतिनिधिमण्डलमा विशेष दूत स्टिभ विटकफ र जारेड कुशनर पनि सहभागी हुने जनाइएको छ ।यसैबीच पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले लेबनानमा इजरायली आक्रमणको कडा आलोचना गर्दै सामाजिक सञ्जालमा विवादास्पद अभिव्यक्ति दिनुभएको थियो । उक्त अभिव्यक्तिलाई केही घण्टामै हटाइएको थियो । उक्त अभिव्यक्तिले पाकिस्तानको तटस्थ मध्यस्थकर्ताको भूमिकामाथि प्रश्न उठाएको भन्दै इजरायलले असन्तुष्टि जनाएको छ ।

पाकिस्तानले इजरायललाई औपचारिक मान्यता नदिएको अवस्थाले पनि मध्यस्थताको विश्वसनीयतामा चुनौती थपेको देखिन्छ । उता इरानले लेबनानलाई पनि युद्धविराम सम्झौताभित्र समावेश गर्नुपर्नेमा जोड दिँदै आएको छ ।अर्कोतर्फ, क्षेत्रीय सुरक्षा अवस्था थप नाजुक बन्दै गएको छ । शुक्रबार बिहान इजरायलका विभिन्न स्थानहरूमा हवाई आक्रमणको साइरन बजेको छ भने हिजबुल्लाहले इजरायलमाथि ड्रोन र रकेट आक्रमण गरेको जनाएको छ । युद्धविराम लागू भएको ४८ घण्टा नबित्दै इजरायलले लेबनानमा गरेको आक्रमणमा ३०० भन्दा बढी मानिसको ज्यान गएको थियो । ट्रम्पले इजरायलले आफ्नो आक्रमण 'कम गरिरहेको' दाबी गर्दै प्रधानमन्त्री बेन्जामिन नेतान्याहुबाट संयम अपनाइने आश्वासन पाएको बताउनुभयो । यद्यपि पश्चिमी कूटनीतिज्ञहरूका अनुसार युरोपेली तथा खाडी राष्ट्रहरूले इजरायलमाथि थप आक्रमण नगर्न दबाब बढाइरहेका छन् ।

यसबीच वासिङ्टनले लेबनानसम्बन्धी मुद्दा छुट्टै वार्तामार्फत समाधान गर्ने सङ्केत दिएको छ । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले अर्को हप्ता यस विषयमा बैठक हुने जानकारी दिएका छन् । यद्यपि सम्बन्धित पक्षहरूले औपचारिक पुष्टि गरेका छैनन् ।समग्रमा, इस्लामाबादमा हुने भनिएको अमेरिका-इरान वार्ता केवल द्विपक्षीय संवाद मात्र नभई मध्यपूर्वको व्यापक शक्ति सन्तुलन र युद्धविरामको भविष्यसँग गाँसिएको संवेदनशील कडी बनेको छ । अहिलेको आरोप-प्रत्यारोप र क्षेत्रीय तनावले वार्ताको सफलतामाथि गम्भीर प्रश्न उठाएको छ ।

# युद्धका कारण विश्व आपूर्ति प्रणाली प्रभावित

एएफपी

पेरिस । मध्यपूर्वमा जारी युद्धका बीच विश्व अर्थतन्त्रमा गहिरो असर देखिएको छ । लगानीकर्ताहरूले शान्ति वार्ताको आशा राख्दै शेयर बजारमा सुधार देखिए पनि तेल बजार भने अझै अस्थिर छ । प्रमुख अन्तर्राष्ट्रिय बजारहरूमा शेयर सूचकाङ्क बढेका छन्, तर कच्चा तेलको मूल्य निरन्तर माथि गएको छ र ब्रेन्ट तेल करिब प्रति ब्यारेल १०० डलरको आसपास पुगेको छ । प्रमुख तेल आपूर्ति मार्गमा अवरोधका कारण ऊर्जा सङ्कटको चिन्ता कायमै छ ।

जापानले तेल आपूर्ति स्थिर राख्न राष्ट्रिय भण्डारबाट थप तेल निकाल्ने घोषणा गरेको छ । सरकारले करिब २० दिन बराबरको तेल आपूर्ति बजारमा ल्याउने तयारी गरेको छ । यसअघि पनि मूल्य वृद्धि रोक्न जापानले आफ्नो भण्डार प्रयोग गरिसकेको थियो । यस कदमले विश्व बजारमा आपूर्तिको दबाब केही कम गर्ने अपेक्षा गरिएको छ ।यसैबीच, अमेरिका र बेलायतका नेताहरूले महत्वपूर्ण जलमार्ग पुनः सञ्चालनका लागि व्यवहारिक योजना बनाउने विषयमा छलफल गरेका छन् । उनीहरूले शान्ति भए पनि तेल ढुवानी सहज बनाउन तत्काल कदम आवश्यक रहेको बताएका छन् । युरोपेली सङ्घले भने कुनै



पनि प्रकारको शुल्क वा कर बिना जलमार्गमा स्वतन्त्र आवतजावत सुनिश्चित हुनुपर्ने बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले जलमार्ग प्रयोग गर्ने जहाजहरूबाट शुल्क लिने प्रयास गरे कडा प्रतिक्रिया दिने चेतावनी दिनुभएको छ । उहाँले तेल प्रवाह छिट्टै सामान्य हुने दाबी पनि गर्नुभयो । यसले राजनीतिक तनाव अझै कायम रहेको देखाउँछ ।यसैबीच, अन्तर्राष्ट्रिय मुद्रा कोषले युद्धका कारण विश्व आर्थिक वृद्धिदर घट्ने चेतावनी दिएको छ । आपूर्ति शृङ्खला अवरुद्ध हुँदा ऊर्जा र खाद्य मूल्य बढ्ने र करोडौं मानिस खाद्य सङ्कटमा पर्ने सम्भावना रहेको बताइएको छ । विश्व बैङ्क र अन्य संस्थाहरूले प्रभावित देशहरूलाई आर्थिक सहायता उपलब्ध गराउने तयारी गरिरहेका छन् ।

युरोपमा ऊर्जा सङ्कटको जोखिम पनि बढेको छ । ग्यास भण्डारण कम भएको कारण समयमै भण्डारण भर्नुपर्ने चेतावनी दिइएको छ । यदि आपूर्ति सुधार भएन भने आगामी जाडोमा ऊर्जा अभावको समस्या गम्भीर हुन सक्छ ।यसैबीच केही राहतस्वरूप युरोपेली विकास बैंकले प्रभावित अर्थतन्त्रका लागि ठूलो आर्थिक प्याकेज घोषणा गरेको छ । साथै, एयरलाइन्स कम्पनीहरूले सुरक्षा जोखिमका कारण मध्यपूर्वका केही गन्तव्यहरूमा उडान स्थगित गरेका छन् ।

# पोखरा-मुग्लिन सडकको पश्चिम खण्डमा धमाधम काम

गण्डकी । आगामी असारसम्ममा निर्माण सक्ने लक्ष्यसहित पोखरा-मुग्लिन सडकको पश्चिम खण्डको कामलाई तीव्रता दिइएको छ। पोखराको सेती पुलदेखि तनहुँको जामुने जोड्ने उक्त सडकखण्डको भौतिक प्रगति ७७.४७ प्रतिशत र वित्तीय प्रगति ६२.२० प्रतिशत पुगेको छ। उक्त खण्डका प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले छिटफुटबाहेकका काम निर्धारित समयमै सकिने बताउनुभयो।

कुल ३८.७१ किलोटोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७.२८ किमीमा दोस्रो चरणको कालोपत्र भइसकेको छ। कुल ३६.३२ किमीको सर्विस लेनमा हालसम्म १७.६६ किमी कालोपत्र भइसकेको इन्जिनियर कुँवरले जानकारी दिनुभयो। एक सय पाँचवटा कल्भर्ट निर्माण भइसकेको र नाली निर्माणको काम पनि अन्तिम चरणमा रहेको उहाँको भनाइ छ। यस खण्डमा पर्ने १३ पुलमध्ये १२ वटा पुल निर्माण भइसकेका छन्।

सेती पुल भने निर्माणको चरणमा छ। 'रोड मार्किङ' गर्ने, 'रोड सेफ्टी ब्यारीअर' राख्नेलगायतका काम पनि इन्जिनियर कुँवरले बताउनुभयो। चार लेन सडकतर्फ विजयपुर पुलको आडमा चार सय मिटर र पोखरा विश्वविद्यालय अगाडि एक सय मिटरमात्र कालोपत्र गर्न बाँकी रहेको उहाँको भनाइ छ। "अहिले सर्विस लेन निर्माणको काम धमाधम भइरहेको छ। ३८.७१ किमीको पश्चिम खण्डमा २०.५५ किमी चार लेन र १८.१६ किमी छ लेनको सडक बन्छ", इन्जिनियर कुँवरले भन्नुभयो।

अहिले तालचोकदेखि डाँडाकोनाक र खैरेनीटारदेखि दुलेगौँडासम्म 'रोड सेफ्टी ब्यारीअर' निर्माणको काम भइरहेको जनाइएको छ। जामुनेदेखि दुलेगौँडासम्म 'रोड मार्किङ'को काम भइरहेको आयोजना कार्यालयले जनाएको छ। यस वर्षमात्र ३३.७८ किमीको चार लेन सडकमा अस्फाल्ट प्रविधिबाट दोस्रो तहको कालोपत्र भएको हो। १५.६ किमी सर्विस लेनसहित विजयपुर खोला पुल र दुईवटा कल्भर्ट निर्माण गरिएको छ। १२.१ किमीको चार लेन सडकमा यही वर्ष पहिलो तहको कालोपत्र गरिएको हो।

अघिल्ला वर्षको तुलनामा यस वर्ष सडक निर्माणको कामले गति लिएको इन्जिनियर कुँवरले बताउनुभयो। यसअघि सडक निर्माणकार्य सुस्त हुँदा ठेक्काको म्याद पनि थपिँदै आएको थियो। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले यस खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो।



सडक ठेक्काअन्तर्गतका १२ वटा पुल बने पनि पुल ठेक्काअन्तर्गत पोखराको सेती पुल निर्माणाधीन अवस्थामा छ। उक्त पुलको भौतिक प्रगति ५८.३७ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ। आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुल रसुवा कन्स्ट्रक्सनले निर्माण गरिरहेको हो। रासस

# बिस्काः नौ दिन आठ रात जात्रा



भादगाउँ । भक्तपुरको सांस्कृतिक एवं ऐतिहासिक महत्व बोकेको प्रसिद्ध बिस्का जात्रा आजदेखि सुरु हुँदैछ। साँझ तमारीस्थित पाँचतल्ले मन्दिर अगाडिबाट भद्रकालीको रथलाई घट्खा टोलमा पुऱ्याई भैलखः (भैरवनाथको रथ) तानातान गरी जात्राको सुरुआत गरिन्छ। अब भक्तपुर नौ दिन आठ रात जात्राको रौनकमा झुम्ने छ।

काठैकाठले प्यागोडाशैलीमा निर्माण गरिएको तीनतल्ले भैलखःमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतल्ले मन्दिर प्राङ्गणबाट थने (माथिल्लो) र क्वने (तल्लो) टोलमा तानेर लैजाने परम्परा रहेको छ। तान्नु अघि भैलखःमा खड्ग, तरवार, निशान राख्ने गर्दछ।

बिस्का जात्राको पहिलो दिन पाँचतल्ले मन्दिर प्राङ्गणबाट भैलखलाई क्वने र थनेका बासिन्दाले अगाडि पाँच र पछाडि चार वटा डोरी तानातान गरेर आ-आफ्नो टोलतर्फ लैजाने परपम्परा रहेको छ। जात्राको मुख्य आकर्षण नै भैलखः तानातान गर्नु हो। यसरी तानातान गर्ने क्रममा थनेतर्फ तानेर लानसके दत्तात्रयसम्म लैजाने र त्यहाँबाट तानेर पुनः तमारी हुँदै क्वनेतर्फको तेखापुखुसम्म ल्याएर त्यहाँबाट फर्काएर गःहिटीमा द्योः थातेलाकेगु (भैलखःलाई ठाउँमा पुऱ्याएर) पहिलो दिनको जात्रा सम्पन्न गरिन्छ।

जात्रामा भैलखः तान्ने परम्परागत रुट क्वने (तल्लो टोल) तर्फ तमारी, बुलुँचा, घट्खा, नासमना, मुलाखु, वंशगोपाल, तेखापुखुसम्म र थने (माथिल्लो टोल)तर्फ क्वाछें, साकोठा, सुकुलढोका, गोमारी, इनाचो, दत्तात्रयसम्म रहेको छ। जात्राको दोस्रो दिनलाई शुन्य मानिन्छ। तेस्रो दिन गःहिटीमा भैरवनाथलाई राँगो बलि चढाई गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ। उक्त बलिपूजाको मासु प्रसादका रुपमा लाकुलाछेबासीलाई बाँडिन्छ, जसलाई स्थानीय भाषामा 'स्याःक्वःत्याःक्वः' भनिन्छ।

जात्राको चौथो दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरु म्ह यसींद्यो(हात नभएको लिङ्गो) उभ्याइन्छ भने साँझपखः तान्त्रिक विधिपूर्वक दशकर्म विधान गरी ५५ हात लामो यसींद्योः भेलुखेलस्थित ल्यसिङखेलमा उभ्याइन्छ। यसींद्योः( लिङ्गो) उभ्याउने जात्रा बिस्काको अर्को आकर्षण रहेको छ। पुरानो वर्षको विदाइ र नयाँ वर्षको आगमनको पूर्व सन्ध्यामा यसींद्योः उभ्याउने गरिन्छ।

यसींद्योः कोखामा झुण्ड्याइएका दुई ध्वजाहरुलाई वीरध्वजा र विश्वध्वजा भनिन्छ। एकजोडी ध्वजाहरु फुकाएपछि एउटा संवत् फेरिने हुनाले बीचमा फुकाएर हेर्न हुँदैन भन्ने धार्मिक मान्यता रहेको छ। यसींद्योः उभ्याउन बाँधिएका आठवटा डोरीलाई अष्ट मात्रिकाको प्रतीक मानिन्छ। यसींद्योः उठाइसकेपछि राति नवदुर्गा देवगण त्यहाँ उपस्थित हुन्छ। तलेजुमा दुमाजुको विशेष पूजा गरी जात्रा गरिन्छ।

यसींद्योः उठाएको हेर्नाले शत्रुहरु नाश हुन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यसलाई शत्रुहन्ता जात्रा पनि भनिन्छ। यसदिन भैलखः र भद्रकालीको रथलाई ल्यसिङखेलमा पुऱ्याइन्छ। यसींद्योः उठ्नासाथ स्थानीय बाराही देवीको तिंप्वाः जात्रा इन्द्रायणी देवीको त्वारिवा जात्रा मनाइन्छ।

बिस्का जात्राको पाँचौं दिन अर्थात् नयाँ वर्ष वैशाख १ गते बिहानैदेखि चुपिङघाट र ल्यसिङखेलमा भक्तजनहरुको भीड हुन्छ। यस दिन स्थानीय टोल टोलमा रहेका विभिन्न बाजागाजा बजाएर परम्परागत पोसाक लगाएर भैरव, भद्रकाली, बेताल र यसींद्योःको दर्शनपूजन गरिन्छ। बेताललाई पोथी कुखुराको बलि दिइन्छ। साँझ भैरवनाइकेहरुले विधिवत् रुपमा पूजा गरी साँझ यसींद्योः ढालिन्छ। त्यसको लगतै भैलखः र भद्रकालीको रथलाई तानेर गाःहिटीमा पुऱ्याएर एकापसमा जुधाई सङ्गम जात्रा मनाइन्छ। जसलाई स्थानीय भाषामा द्योः ल्वाकिगु जात्रा भनिन्छ। तलेजुमा दुमाजु देवीको जात्रा गरिन्छ।

जात्राको छैटौं दिन महाकाली र महालक्ष्मीको जात्रा गरिन्छ। सातौं दिन तचपालमा ब्रम्हायणी र महेश्वरीको जात्रा गरिन्छ। यसै दिन तालाक्वमा बटुकभैरव र ज्याठा गणेशको सिन्दूर जात्रा गरिन्छ भने खँलामा परदेशी भीमसेनको खटजात्रा मनाइन्छ। आठौं दिनमा भक्तपुरका शक्तिशाली देवदेवीहरुलाई आ-आफ्नो द्यो छेंबाट निकाली प्राङगण, सतल र पाटीहरुमा राखेर पूजा गरी विभिन्न प्रसादहरु चढाएर द्यो स्वगं पूजा (सगुन जात्रा) मनाइन्छ। यो जात्रा दिनभरि मनाइन्छ।

जात्राको अन्तिम दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरु म्ह यसींद्यो(हात नभएको लिङ्गो) ढाल्ने जात्रा मनाइन्छ। साँझ चोछेंटोलमा छुमा गणेश जात्रा मनाइन्छ। यस दिन भैलखःलाई गःहिटीबाट पहिलो दिनमा जस्तो थने (माथिल्लो) र क्वने (तल्लो) टोलका बासिन्दाले तानातान गरी जात्रा सम्पन्न गरिन्छ।

बिस्का जात्राका ऐतिहासिक पक्षका सम्बन्धमा तमारीस्थित यक्ष मल्लको पालाको शिलालेखमा पहिलो पल्ट जात्रालाई सम्बोधन गर्दा विश्व जात्रा भनी उल्लेख गरिएको संस्कृतीविद् एवम् इतिहासविद् प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठ बताउनुभयो। भक्तपुरको राजदरबारमा नेपाल संवत् ८०८ र ८१८ को राजा जीतामित्र र भूपतिन्द्र मल्लको पालामा लेखिएको अभिलेखमा विस्क्यात शब्द उल्लेख रहेको प्रा डा श्रेष्ठले बताउनुभयो। तलेजुमा अहिलेसम्म चल्ने बिस्का जात्राको संकल्प पूजामा विश्वजात्रा महापर्व भनेर सम्बोधन गरिएको उहाँले भन्नुभयो।

प्राडा श्रेष्ठले बिस्का जात्राको प्रचलित किंवदन्ती गलत भएको दाबी गर्नुभएको छ। उहाँले बिस्का जात्रा नितान्त भैरवनाथ र भद्रकालीसँग सम्बन्धित रहेको र यसको प्रचलित सर्प मारेको, नागनागिनीसँग जोडिएको किंवदन्ती भ्रम रहेको बताउनुभयो। "यो जात्रा विश्वनाथ भैरवको मात्र नभई उनकै शक्ति भद्रकालीको हो। विश्व भैरवनाथको प्रतिक जात्राको चौथो दिन भेलुखेलको ल्यसिंङखेलमा उठाएको योसिंद्योःमा फहराइने एकजोडी हलिपत (ध्वजा) साक्षात भैरव र भद्रकालीको हो। यसलाई जबर्जस्ती 'वि' को अर्थ सर्प र 'स्यात'को अर्थ मारियो भन्ने अर्थमा बिस्क, बिस्का, बिस्केत चल्दै आएको भम्र मानसिकता व्याप्त रहेको छ।

उहाँले भन्नुभयो, "नाम, प्रमाण र भाषा विज्ञानकै साहारा लिएर भन्ने हो भने वि को अर्थ हो पुरानो। नवदुर्गा गणलाई वि त्वंकेगु भन्दा तान्त्रिक विधिपूर्वक पुरानो रगत खुवाउने प्रचलन अहिलेसम्म चलिआएको छ। स्यातको अर्थ मारियो हो तर बिस्क, बिस्कामा कहाँ क हरायो त भन्ने मेरो प्रश्न हो ? स्यातबाट कसरी स्का हुन गयो ? यो जात्राको विषयमा अहिलेसम्म चलेका प्रमाण, अभिलेखक र मल्लकालिन राजा जगत प्रकाश मल्लदेखि शाह वंशिय राजा त्रिभुवन, ज्ञानेन्द्र र तत्कालिन प्रधानमन्त्री गिरिजाले फेरेका हलिपतमा हेर्न हो भन्ने विश्वकेतु, विरध्वजा लेखिएको छ। यस मानेमा विश्वनाथको ध्वजा विश्वध्वजा र विरध्वजा हो भन्ने कुरा स्पष्ट छ। यसमा विर भनेर भैरवको वाहान विर बेताललाई भनिएको हो। त्यस मानेमा ध्वाजा विश्वध्वाजा र विरध्वाजा मान्न सकिन्छ। तर जनमानसमा यो नागनागिनी भनेर प्रचलित छ यो गलत हो।"

जात्रामा पहिलो र अन्तिम दिन भैलखः तान्ने क्रममा झडप हुने गरेको छ। सम्भावित झडप रोकी जात्रालाई व्यवस्थित रुपमा मनाउन दिउँसो ३:०० बजे भैलखः तानेर ५:०० बजे जात्रा सम्पन्न गर्ने तयारी गरिएको छ। रातको समयमा जात्रा सञ्चालन हुँदा भैलखःले किचेर मानिसको मृत्यु हुने, जात्रा हुने स्थानका घर र सार्वजनिक पाटीपेटीमा क्षति पुग्ने भएकाले त्यसलाई रोक्न दिउँसो जात्रा सुरु गर्ने सम्पूर्ण तयारी पुरा भएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिनुभयो।

जात्रालाई मर्यादित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न चरणबद्ध रुपमा सरोकारवालाहरुसँग छलफल गरेर विभिन्न रणनीति तयार गरेको बताउँदै प्रजिअ ढकालले यस वर्ष जात्रामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र सादा पोशाकमा करिब दुई हजार सुरक्षाकर्मी परिचालन गर्ने जानकारी दिनुभयो। जात्रामा उच्छृंख ल गतिविधि गर्ने र हुलदङ्गा मच्चाउन खोज्नेको पहिचान गर्न व्यापकरुपमा सादा पोसाकमा सुरक्षाकर्मी परिचालन गर्ने उहाँले बताउनुभयो।

भैलखःमा अनियन्त्रित तरिकाले धेरै मानिस चढ्नाले रथबाट खसेर घाइते हुनु, च्याप्नु, किचेर ज्यान जाने भएकाले त्यसलाई नियन्त्रण गर्न भैलखःमा भैरव नाइके, गुथि र स्थानीय क्लबका सीमित पदाधिकारीहरु मात्र चढ्ने व्यवस्था गरिएको छ। साथै यस वर्ष रथमा बस्ने सबैले नाङ्गो खुट्टा राख्ने व्यवस्था मिलाएको छ।

जात्रामा हुलदङ्गा गर्नेको पहिचानका लागि चोकचोकमा सिसी क्यामेरा जडान गरिएको जानकारी दिँदै प्रजिअ ढकालले क्यामेराको फुटेजका आधारमा जात्रापछि पनि नियन्त्रणमा लिई कारबाही गरिने बताउनुभयो। जात्रामा हुलदङ्गा गरी सुरक्षा व्यवस्थामा खलल पुर्याउनेलाई पक्राउ गरी प्रचलिन कानुनबमोजिम कारबाही गरी विदेश जान नहुने गरी रेकर्ड राखिने बताउनुभयो।रासस

# 'वडा पर्यटन परियोजना'

म्याग्दी। बेनी नगरपालिकाले 'वडा पर्यटन परियोजना' सञ्चालन गरेको छ। पर्यटकीय पूर्वाधारमा मौलिकता र नवप्रवर्तनलाई जोड दिन नगरपालिकाका १० वटै समेटेर परियोजना सञ्चालन गरेको हो।

नगरप्रमुख सुरत केसीले सबै वडामा परियोजना सञ्चालन गर्नका लागि योजना छनोट गरी नगरपालिका, प्रदेश, सङ्घीय सरकार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति लिएको बताउनुभयो। "म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनीबजार मुस्ताङस्थित हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्धारका रूपमा परिचित छ", उहाँले भन्नुभयो, "मुस्ताङ जाने र आउने पर्यटक तथा तीर्थयात्रीलाई बेनीबजार र आसपासका क्षेत्रमा भुलाउने, बसाइ लम्ब्याउने उद्देश्यले पूर्वाधार निर्माण र प्रचारप्रसारमा जोड दिएका हौं।"

बेनी-जोमसोम सडक भएर गत आर्थिक वर्षमा आठ लाख जना पर्यटक मुस्ताङ भ्रमणमा गएका थिए। सङ्घीय पर्यटन मन्त्रालयसँग वडा नं ५ को पछैमा उद्यान निर्माण गरेर हिन्दू धर्मग्रन्थ रामायणका पात्र रावणको २१ फिट अग्लो, १० वटा टाउको भएको, ढलोट धातुले बनेको र पित्तलको जलप लगाएको मूर्ति स्थापना गरेको नगरपालिकाले चालु आर्थिक वर्षमा गलेश्वर बजार सौन्दर्यकरण परियोजनालाई निरन्तरता, लभ्लीहिल पर्यटन पूर्वाधार र बेनीमा शान्ति पार्क निर्माण योजना अघि बढाएको छ।

नगरपालिकाले रु ३० लाख बजेट विनियोजन गरेको गलेश्वर बजार सौन्दर्यकरण योजनामार्फत गलेश्वर शिवालय क्षेत्र विकास कोषसँग साझेदारी गरेर रु ४८ लाख ७४ हजारको लागतमा दुई ९५ मिटर दूरी सडकमा एक हजार ७१८ दशमलव पाँच घनमिटर स्लेट ढुङ्गा बिछ्याउने र ३० मिटर लामो नाली निर्माणकार्य अन्तिम चरणमा पुगेको छ।



रु २५-२५ लाख बजेट विनियोजन भएको लभ्लीहिल पर्यटन प्रवर्द्धन र शान्ति पार्क निर्माण योजना कार्यान्वयनको चरणमा रहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि चालु आर्थिक वर्षमा रु एक करोड चार लाख बजेट विनियोजन भएको उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो।

बेनीबजारको दायाँतर्फ रहेको कालीगण्डकी नदी किनारमा निर्माण भएको चक्रपथको वडा नं ८ को भूगोलभित्र सडकको डिलमा रेलिङ राखेर फुटपाथ बनाउने र सडक बत्ती जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ। वडा नं ८ मा रहेको एक सय वर्ष पुरानो गणेश मन्दिरमा पित्तलको छानो राखेर पुनर्निर्माण भएको छ।

**कुन वडामा कस्तो परियोजना ?**

बेनी नगरपालिकाले पर्यटनसँग सम्बन्धित १० वटै वडाका योजनालाई छनोट गरी प्राथमिकीकरण गरेको छ। वडा नं १ रत्नेचौरको लामो झोलुङ्गे पुल, श्रीलक्ष्मीहरि मन्दिर र तोरीबारी हुँदै ज्यामरुककोट, बेलढुङ्गा जोड्ने पदमार्गलाई प्राथमिकतामा राखिएको छ।

वडा नं २ मा रहेको लक्ष्मीहिलमा सार्वजनिक निजी साझेदारीअन्तर्गत 'लिफ्ट ब्रिज' बनाउन सम्भाव्यता अध्ययनका लागि निजी क्षेत्रसँग छलफल थालिएको नगरप्रमुख केसीले बताउनुभयो। यस वडामा रहेको ज्यामरुककोटको पुनर्निर्माण, पदमार्ग र गौश्वारामा समुदायको अगुवाइमा ३८ फिट अग्लो गोवर्द्धनको मूर्ति स्थापना भएको छ। गौश्वारा पर्यटन पूर्वाधारका लागि नगरपालिकाले यस वर्ष रु १५ लाख बजेट विनियोजन गरेको छ।

वडा नं ३ मा रहेको झकिम्लीको बेलढुङ्गालाई दृश्यावलोकनस्थलका रूपमा विकास, धार्मिकस्थल स्वर्गाश्रममा पर्यटन पूर्वाधार तयार तथा बाघखोरमा उद्यान निर्माण भएको छ। प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिङ्गा-तातोपानी कुण्ड अवस्थित वडा नं ४ मा कुण्डको संरक्षणका साथै जलाशय बनाउने योजना निर्माणका लागि सङ्घीय ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयमा प्रस्ताव गरिएको छ।

वडा नं ५ मा रहेको पछै, जगन्नाथ, ढोलथान र केभहिल, वडा नं ६ मा रामशीला स्मारकस्थल र गुफा राममन्दिरलाई छनोट गरिएको छ। महारानीथान, लक्ष्मीनारायण, शिवालय, भगवती, मन्दिर रहेको बेनी नगरपालिका-७ र ८ को भूगोलमा पर्ने बराहपाखोमा 'राउण्ड बेनी, भ्यू बेनी' योजनाअनुसार पदमार्ग निर्माण योजनालाई निरन्तता दिएको छ।

वडा नं ८ मा रहेको जलेश्वर गुफा पुनर्निर्माण गरी शालग्राम सङ्ग्राहलय स्थापना र कोट भण्डार क्षेत्रमा टक्सार पुरातात्विक सांस्कृतिक सङ्ग्रहालय स्थापनाका गर्ने योजना रहेको छ। कालीगण्डकी शुद्धताका लागि बेनीस्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानमा शवदाहस्थल निर्माण भएको थियो।

वडा नं ९ को गलेश्वरधामदेखि पुलाश्रम, घतानकोत, ढोल्ठान दरबार र जगन्नाथलाई समेटेर एकीकृत पर्यटन योजना कार्यान्वयनमा छ। वडा नं १० पाल्लेखेतको सिद्धाश्रम, घारसुन्ना, राधाकृति मन्दिर, वाखेत घरबास सञ्चालन र टोड्केको पर्यटन विकासका योजनालाई प्राथमिकता दिइएको छ।

'समृद्ध पर्यटकीय बेनी नगर' भन्ने अवधारणाअनुसार बेनीलाई पर्यटकीय, धार्मिक र आध्यात्मिक पर्यटनको केन्द्र बनाउने प्रयास गरिएको नगरप्रमुख केसीले बताउनुभयो।रासस

# व्यावसायिक तरकारीखेतीबाट परिवारको आर्थिक आधार मजबुत बनाउँदै

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-१० झलारीका रामसिंह डगौराव्यावसायिकतरकारीखेतीमार्फत परिवारको आर्थिक आधार मजबुत बनाउँदै छोराछोरीको शिक्षामा लगानी गर्दै आउनुभएको छ।

उहाँले श्रीकृष्ण माध्यमिक विद्यालयको करिब डेढ बिघा जग्गा भाडामा लिएर विगत सात वर्षदेखि निरन्तर तरकारीखेती गर्दै आउनुभएको छ। जग्गा भाडाबापत विद्यालयलाई वार्षिक रु ५५ हजार बुझाउँदै आउनुभएका डगौराले बारीमा बाह्रै महिना मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आउनुभएको छ।

उहाँका अनुसार तरकारीखेतीबाट मासिक रु ५० देखि ७० हजारसम्म आम्दानी हुने गरेको छ भने वार्षिक आम्दानी रु १० लाखभन्दा बढी पुग्ने गरेको छ। बारीमा मुला, तोरैया, खुर्सानी, फर्सी, लौका, काँक्रा, बोडी, करेला, धनियाँ, बन्दा, सिमला मिर्च र गोलभैंडालगायत तरकारी उत्पादन गरिन्छ।

तरकारीखेती विस्तारका लागि उहाँले बैंकबाट रु १० लाख कर्जा लिइसक्नुभएको छ। तरकारीखेतीको आम्दानीले तीन जना छोराछोरीको उच्च शिक्षाको खर्च भएको छ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

धनुषा गा.वि.स. यज्ञभूमि वडा नं. ४ हाल परिवर्तित धनुषाधाम न.पा. वडा नं ८ मा बस्ने कुलाराम बोम्जनको नाती तुलाराम बोम्जनको छोराहरु बेचन बोम्ज़न १ र सोम बहादुर बोम्जन-१ समेतले सर्वे नापी हुँदा मेरो बुवा तुलाराम बोम्जनको नाउँमा नापनक्सा भएको जिल्ला धनुषा यज्ञभुमि गा.वि.स. वडा वडा नं. ४क कि.नं. १३० क्षेत्रफल ०-१३-१४ जग्गा निज नापीको बखत अनुपस्थित भएको कारण ज.ध. महलमा तुलाराम बोम्जनको हकमा सही गर्ने एकाघरको छोरा बेचन बोम्जन, यज्ञभुमी वडाँ नं. ४ र किसानको व्यहोरा यो जग्गा मेरो स्वर्गिय बावु तुलाराम बोम्जन नाउँमा नम्बरी हो। दा. खा. गरेको छैन, उल्लेख भई स्रेस्ता अप्रमाणित भएकोमा निज तुलाराम बोम्जनको मिति २०३४ साल अगाडी मृत्यु भईसकेकोले निजको हकखाने एकमात्र पत्नी राम्री तामाङनीको समेत मिति २०५८/१०/१२ गतेमा आफ्नै कालगतिले मृत्यु भईसकेकोले निजहरुको मृत्यु पश्चात आपुताली हकखाने छोराहरु बेचन बोम्जन-१ र सोम बहादुर बोम्जन-१ समेत २ जना हामी निवेदकहरुको नाउँमा उक्त जग्गाको स्रेस्ता प्रमाणित गरी नामसारी गरी पाउँ भनी द.नं. ११५५१ मिति २०८२/०९/२९ को यस कार्यालयमा माग निवेदन बमोजिम निवेदकहरुको नाममा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

तपसिल

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ | फिल्डबुक व्यहोरा |
|---|---|---|---|---|
| यज्ञभुमि | ४क | १३० | ०-१३-१४ | ज.ध. महलको व्यहोराः तुलाराम बोम्जनको हकमा सही गर्ने एकाघरको छोरा बेचन बोम्जन, यज्ञभुमी वडा नं. ४ जोताहाको व्यहोराः बेचन बोम्जन तामाङ, जि.ध. यज्ञभुमी वार्ड नं. ४ किसानको व्यहोराः यो जग्गा मेरी स्वर्गी बाबु तुलाराम बोम्जनको नाउँको नम्बरी हो। दा.खा. गरेको छैन। |



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| पाँचु राउतको बुहारी, राधे कृष्ण राउत कुर्मीको पत्नी, रौतहट जिल्ला, साविक चन्द्रपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **गिता देवी कुर्मी** (ना.प्र.नं. ३२२०८०/५०९६, जारी मिति २०६७/११/१५, जि.प्र.का. रौतहट)। | नरसिमा राउतको नाति, पाँचु राउतको छोरा, रौतहट जिल्ला, साविक बिर्ती प्रस्टोका गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा./गा.पा. वडा नं. ४ बस्ने **राधे कृष्ण राउत कुर्मि** (ना.प्र.नं. १८७०, जारी मिति २०६०/०८/०३, जि.प्र.का. रौतहट)। |
| **धितोको विवरण** | |
| गिता देवी कुर्मी (ना.प्र.नं. ३२२०८०/५०९६, जारी मिति २०६७/११/१५, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. २ नक्सा सिट नं. २ स्थित कि.नं. ३४०९ को क्षेत्रफल ०-०-८-० (विघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank

शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# संगठन खारेजविरुद्ध विद्यार्थीको आन्दोलन

टुडे समाचारदाता

वीरगञ्ज । विद्यार्थी युनियन खारेज गर्ने सरकारको निर्णयविरुद्ध विभिन्न विद्यार्थी संगठनले देशव्यापी आन्दोलनको घोषणा गरेका छन् । शुक्रबार संयुक्त विद्यार्थी संगठनले पत्रकार सम्मेलन गरी चैत २७ गतेदेखि चरणबद्ध विरोध कार्यक्रम सुरु गर्ने निर्णय सार्वजनिक गरिएको छ ।



सरकारले सय बुँदे सूचीमार्फत विद्यार्थी संगठन खारेज गर्ने संकेत गरेपछि विद्यार्थीहरू आन्दोलनमा उत्रिएका हुन् । घोषित कार्यक्रमअनुसार चैत २९ गते नागरिक अगुवासँग अन्तरक्रिया हुनेछ भने चैत ३० गतेदेखि वैशाख ४ गतेसम्म देशभरका कलेजहरूमा स्ववियु एकाइ तथा जिल्लास्तरीय छलफल र अन्तरक्रिया सञ्चालन गरिने छ ।

त्यसपछि वैशाख ५ गते पूर्व विद्यार्थी नेता तथा सांसदहरूसँग अन्तरक्रिया, वैशाख ७ देखि ९ गतेसम्म कलेज-कलेजमा ब्यानर, पर्चा, वक्तृत्वकला, वादविवाद, गीत-गजल, नृत्य, सडक नाटक, फ्ल्यास मोबलगायतका कार्यक्रममार्फत प्रचार-प्रसार तथा हस्ताक्षर सङ्कलन गरिने विद्यार्थी संगठनले जनाएको छ ।

वैशाख ११ गते विश्वविद्यालयकाउपकुलपतिहरूलाई ज्ञापन पत्र बुझाइने र वैशाख १२ गते प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाइनेछ। वैशाख १५ गते भने काठमाडौँ उपत्यकामा बालुवाटारसहित देशभर 'कापी-कलम' सहितको प्रतीकात्मक प्रदर्शन गर्ने कार्यक्रम तय गरिएको छ ।

आन्दोलनसँगै विद्यार्थी सङ्गठनले ७ बुँदे माग पनि सरकारसमक्ष राखेका छन् । विश्वविद्यालयका लागि समर्पित सर्भर तथा डाटा केन्द्रको स्थापना, साइबर सुरक्षा नीति निर्माण, विश्वविद्यालयमा प्रविधि एकीकरणको निगरानी तथा त्रिभुवन विश्वविद्यालयले गठन गरेको उच्चस्तरीय आयोगको प्रतिवेदन तत्काल कार्यान्वयनमा लैजानुपर्ने माग गरेको छ ।

त्यस्तै, कालापानी, लिपुलेक र लिम्पियाधुराबारे सरकारको स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने, पश्चिम एसियामा जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले जनजीवनमा परेको असर तत्काल न्यूनिकरण गरी राहत प्याकेज घोषणा गर्नुपर्ने माग विद्यार्थीहरूले माग अघि सारेको हो ।

# विद्यालयलाई कम्प्यूटर प्रदान

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा एक विद्यालयलाई सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार तथा डिजिटल साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले कम्प्युटर सहयोग प्रदान गरिएको छ ।




जनकपुरधामस्थित लक्ष्मण अखाडामा रहेको श्री जनता आधारभूत विद्यालयलाई रोटरी क्लब अफ जनकपुरधामको सहयोगमा एक थान कम्प्युटर सेट हस्तान्तरण गरिएको हो ।

कार्यक्रम मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवको विशेष उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले शिक्षालाई समृद्धिको मूल आधारका रूपमा व्याख्या गर्दै शिक्षा क्षेत्रको सुधारका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सक्रियता आवश्यक रहेको उल्लेख गरे ।

त्यसैगरी, रोटरी क्लब अफ जनकपुरधामका संस्थापक अध्यक्ष विजयकुमार झुनझुनवालाले विद्यालयमा बालबालिकाको सुविधाका लागि छिट्टै शौचालय निर्माण गरिने प्रतिबद्धता जनाए ।

क्लबका अध्यक्ष ललित बजाजको संयोजकत्वमा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष अर्जुन चौधरी, विद्यालयका प्रधानाध्यापक कञ्चन झा, क्लबका पूर्वअध्यक्ष प्रमोद कुमार अग्रवाल, कार्यकारी निर्देशक प्रदीप दत्त, सदस्य रञ्जित अग्रवाल तथा समाजसेवी रेखा साहलगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

रोटरी क्लब अफ जनकपुरधामले यसअघि पनि जनकपुरधामकै सकल भवन कन्या माध्यमिक विद्यालयमा शौचालय निर्माण तथा शैक्षिक सामग्री सहयोग गर्दै आएको जनाएको छ ।

# फरार प्रतिवादी पक्राउ

टुडे समाचारदाता

बारा । बारा प्रहरीले बैंकिङ कसुर तथा चेक अनादर मुद्दामा फरार रहेका एक प्रतिवादीलाई पक्राउ गरेको छ। जिल्लाको गन्जभवानीपुर प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले बारा जिल्ला अदालतबाट सजाय तोकिएका ५२ वर्षीय महमद फिरोज देवानलाई पक्राउ गरेको हो।

महागढीमाई नगरपालिका-१० स्थित तरकारी बजारबाट लुकिछिपी बसेको अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार अदालतले देवानलाई १० दिन कैद र १४ लाख ५० हजार रुपैयाँ जरिवाना सजाय तोकेको थियो।

फरार सूचीमा रहेका देवानलाई पक्राउ गरी बारा जिल्ला अदालतमा बुझाइएको पण्डितले जानकारी दिए । प्रहरीका अनुसार मुद्दासम्बन्धी थप प्रक्रिया अदालतमार्फत अघि बढाइनेछ ।

# बधाई रूबी बहिनी



ब्लग :



श्यामसुन्दर शशि

राष्ट्रिय स्वतन्त्री पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह प्रधानमन्त्री नियुक्त भएपछिका पहिलो साता कौतुहलपूर्ण रह्यो । बिहान मर्निङ वाकमा जानु अघि आम नागरिक अपडेट हुन चाहन्थे- आज को को पक्राउ परे ? कसको केमा नियुक्ति भयो ? को को हटाइए ? कोमाथि कुन मुद्दा दर्ता भयो ? दोश्रो साता झन् सनसनीपूर्ण रह्यो- को को पक्राउ परेर छुटे ? किन पक्राउ परे र किन छुटे ? कुन मन्त्रीलाई बर्खास्त अनि कुन मन्त्रीलाई सचेत गराइयो ? तेश्रो सात झन् उकुसमुकुसपूर्ण छ- कुन कुन मन्त्री बर्खास्त भए ? को को मन्त्री बने ? अगाडि के के होला ? समयले नै बताउँदै जाने छ । सरकारले गरेका कामकाजको विरोध र समर्थन स्वाभाविक हो । पक्ष-विपक्षमा विचार मन्थन हुनु । सडक प्रदर्शन हुनु लोकतन्त्रको अनुपम पक्ष हो । लोकतन्त्रमा विरोधको स्वरलाई सम्मान पनि गर्नु पर्दछ ।

श्रीमती जुनु श्रेष्ठलाई स्वास्थ्य बीमा बोर्डमा सक्रिय गराएको आरोप लागेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपक कुमार साहलाई प्रधानमन्त्री बालेन्द्र शाहले सफाईको मौकासमेत नदिइ बिहीबार बर्खास्त गरेर अर्को दिन अर्थात् शुक्रबार साहले सम्हाल्दै आएको मन्त्रालयको जिम्मेवारी सप्तरी- २ बाट निर्वाचित रामजी यादवलाई दिएका छन् भने स्वयं बालेन्द्र साहले सम्हाल्दै आएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी महोत्तरी-४ बाट निर्वाचित गौरी कुमारी यादवलाई दिएका छन् । मन्त्रिपरिषद् को पुनर्गठनबाट धनुषाका जनता आहत भए पनि मधेशका बहुसंख्यक यादव जातिको प्रतिनिधित्वले नागरिकलाई राहत दिएको छ । बालेन्द्र साहको यस कदमले सरकार त्वरित ऐक्शनमा रहेको तथा नातावादको मामिलामा शून्य सहनशीलताको नीति लिएको प्रष्ट पारेको छ ।

तर पछिल्ला तीन सातादेखि जारी पक्राउ र रिहाइ, मन्त्री चयन र बर्खास्त, सरकारको समर्थन र विरोध तथा मुद्दा दर्ता र फिर्ता जस्ता घटना परिघटनाबीच मलाई सबभन्दा बढी मन परेको समाचार भने 'जनकपुरधामकी बेटी रुबी कुमारी ठाकुर प्रतिनिधिसभाको उपसभामुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु हो ।' शुरुमा गाउँमै सैलुन चलाएका तथा पछिल्ला केही वर्ष विदेशमा श्रम बेचेर छोरी सांसद भएपछि खुसियाली बाँड्न जनकपुरधाम फर्केका पिता परमेश्वर ठाकुरका परिवारमात्र होइन, अचेल सिंगै जनकपुरधाम खुसीले गद्गद छन् । रुबीको क्षमतामाथि विश्वास गरेर श्रम संस्कृति पार्टीले उनलाई उपसभामुखको उम्मेदवार बनाउनु यस पार्टीको मधेशप्रतिको सम्मान प्रदर्शीत गरेको छ । मधेशका ३२ प्रतिनिधिसभा सिटमध्ये ३० मा विजयी भएको तथा मधेशबाट सर्वाधिक समानुपातिक मत सोहरेको राष्ट्रिय स्वतन्त्र पार्टीले जनकपुरधामबाट एउटै पनि समानुपातिक सांसद दिएन । मधेश प्रदेशको राजधानीबाट एउटै मन्त्री बनाएन । तर श्रम संस्कृति पार्टीले जनकपुरधामकी २५ वर्षीया रुबी कुमारी ठाकुरलाई उपसभामुखको उम्मेदवार बनाएर सीता नगरीमाथि ठूलै गुण लगाएको छ । बधाई रुबी । आभार हर्क साम्पाङ जी । मधेशी-आदिवासी जनजाति समीकरणलाई यसरी नै निरन्तरता दिइ रहनु ।

२०५६ साल चैत १८ गते जनकपुरधामको मुजेलियामा जन्मेकी रुबी कुमारी ठाकुर, राजनीतिमा आएको तीन महिनाभित्र यति ठूलो छलाङ मारेकी छन् । रास्वपा अचेल झ्याली पिट्दै छ- 'रुबी कुमारी ठाकुरलाई रास्वपाले समर्थन गरेको छ।' अर्को पार्टीले अघि सारेको जनकपुरधामकी उम्मेदवारलाई समर्थन गरेर वाहवाही बटुल्न खोजेको रास्वपाले मधेशको राजधानीबाट एक जनालाई पनि मन्त्री बनाएको अपजश लिने कि नलिने ?

खासै कार्यकारी अधिकार नभएको उपसभामुखको पद शुरुदेखि नै मधेशी र महिलामैत्री रहेको छ । महेन्द्र नारायण निधि प्रतिनिधिसभाका पहिलो उपसभामुख हुन् । बहुदलीय प्रतिस्पर्धामा आधारित २०१५ सालको निर्वाचनपश्चात् गठित प्रतिनिधिसभामा निधि उपसभामुख निर्वाचित भएका थिए । उनी २०१६ साल चैत १८ गते देखि २०१७ पुष १ गतेसम्म उपसभामुखको रुपमा काम गरेका थिए । २०४८ साल यता पुनः बहुदलीय प्रतिस्पर्धामा आधारित निर्वाचन हुन थालेका छन् । यस अर्थमा रुबी कुमारी ठाकुर १३ औं उपसभामुख हुन् । १३ मध्ये रुबी छैंठो मधेशी तथा आठौं महिला उपसभामुख हुन् ।

जनकपुरधामका महेन्द्र नारायण निधि (२०१६-१२-१८ देखि २०१७-९-१) प्रतिनिधिसभाका पहिला उपसभामुख थिए । त्यसपछि क्रमशः महन्थ ठाकुर (२०४८-३-९ देखि २०५१-९-२), रामविलास यादव (२०५१-९-३ देखि २०५४-६-२७), लीला सुब्बा श्रेष्ठ २०५५-१-२३ देखि २०५५-६-२४) भोजराज जोशी (२०५५-६-२८ देखि २०५५-१२-९), चित्रलेखा यादव (२०५६-३-१५ देखि २०६३-१०-३) पूर्णकुमारी सुवेदी (२०६५-८-१३ देखि २०७०-८-४), ओनसरी घर्ती (२०७०-११-१४ देखि २०७२-६-२७), गंगाप्रसाद यादव (२०७२-६-२७ देखि २०७४-६-२९), डा.शिवमाया तुम्वाहाङफे २०७४-१२-४ देखि २०७६-१०-६), पुष्पा भुषाल गौतम (२०७९-३-३१ देखि २०७९-६-१), इन्दिरा राना (२०७९-१०-९ देखि २०८२-१०-५) उपसभामुख बनेका थिए । रुबी कुमारी ठाकुर (२०८२-१२-२७ देखि....) को रुपमा जनकपुरधामले पुनः उपसभामुख पाएको छ ।

सभामुखको अनुपस्थितिमा प्रतिनिधिसभाको अध्यक्षता गर्नु उपसभामुखको प्रमुख काम भनिए पनि नेपालको संविधान-२०७२ ले उपसभामुखलाई संवैधानिक आयोगको सदस्यको रुपमा महत्वपूर्ण जिम्मेवारी पनि तोकेको छ । संवैधानिक आयोगको सदस्यको रुपमा रुबी, प्रधानमन्त्री बालेन्द्र साह, प्रधानन्यायाधीश, सभामुख डीपी अर्याल, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल, प्रमुख प्रतिपक्षी दलका नेता (नेकाले हालसम्म तोक्न नसकेको) सँगै सहभागी हुनेछिन् । संवैधानिक परिषद् सर्वोच्च अदालतका न्यायाधिश र संवैधानिक आयोगमा हुने नियुक्तिका लागि सिफारिस गर्छ ।

यस प्रकार प्रतिनिधिसभाको बैठकको अध्यक्षता, कानुन निर्माण तथा संवैधानिक पदहरुमा नियुक्ति सिफारिस गर्ने अधिकार पाएकी २५ वर्षीया जेन-जी पुस्ताकी रुबी कुमारी ठाकुरको कोमल काँधमा गाह्रो अभिभारा आएको छ। रुबी आफ्नो अभिभारा पूरा गर्न सकून् । नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना जनकपुरधामवासीलाई ।

# मधेश ३५ रनले पराजित



टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा बाग्मती प्रदेशले मधेस प्रदेशलाई ३५ रनले पराजित गरेको छ ।

शुक्रबार वीरगन्जको नारायणी क्रिकेट मैदानमा वाग्मतीले प्रस्तुत गरेको २०९ रनको लक्ष्य पछ्याएको मधेस ३४.३ ओभरमा १७३ रन बनाउँदै अल-आउट भएको थियो । मधेसलाई सस्तैमा रोक्न वाग्मतीका प्रतिस जिसीको इनिङ निर्णायक बन्यो। टोलीको जितमा प्रतीस एक्लैले पाँच विकेट लिए। ९.३ ओभर बलिङ गरेका उनले ५५ रन खर्चिए।

रिजन ढकालले दुई विकेट लिए । रिजनले नौ ओभरमा दुई मेडन ओभर फ्याक्दै ४२ रन खर्चिए। कप्तान सन्दीप लामिछाने र सुवास खत्रीले समान एक विकेट लिए । मधेसका ओपनर मंयक यादवले सर्वाधिक ४० रन बनाए। मोहम्मद आदिल आलमले २७ रन जोडे। कप्तान अनिलकुमार साहले २६, विशाल सुस्लिगंले २१, महोम्मद समिरले १६ र अभिषेक तिवारीले १० रन बनाएका थिए।

त्यसअघि पहिलो इनिङ्मा टस हारेर ब्याटिङमा आएको वाग्मतीले मधेसविरुद्ध ४८.४ ओभरमा सबै विकेट गुमाएर २०८ रनको योगफल खडा गरेको थियो । बाग्मतीका उत्तम मगरले सर्वाधिक ४४ रन बनाए। कप्तान सन्दीप लामिछानेले ३६ रन जोडे । ओपनर रिन्जिन लामाले २९, ओपनर आसुतोष घिरैयाले १८, रिजन ढकालले १५ र इशान पाण्डेले ११ रन बनाए।

मधेसका पवन सराफले तीन विकेट लिए । मोहम्मद आदिल आलम र रञ्जित कुमारले समान दुई विकेट लिए। विशाल पटेल, प्रदीप पास्वान र अरनिको यादवले समान एक विकेट लिए।

जितसँगै वाग्मतीले प्रतियोगितामा आठ अंक जोडेको छ । तालिकाको छैटौं स्थानमा उक्लिएको वाग्मतीले आठ खेल खेल्दा समान चार जित र हारसहित यो नतिजा आत्मसाथ गरेको हो । पराजित मधेस भने हारका बाबजुद नौ अंकका साथ तालिकाको चौथो स्थानमा छन् ।

# क्षमताभन्दा बढी कैदी

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका जिल्ला कारागारहरूमा क्षमताभन्दा अत्यधिक कैदी-बन्दी राखिँदा व्यवस्थापन अस्तव्यस्त बन्दै गएको छ । कारागार सम्बन्धी विवरण अनुसार क्षमता भन्दा बढी २ हजार २५० कैदी रहेको छ।




उपलब्ध कारागार विवरण अनुसार बाल सुधार गृहसहित मधेशका ७ वटै कारागारमा महिला ९९ र पुरुष १ हजार १२० गरी १ हजार २१९ क्षमता रहेको महिला १२८ र पुरुष २ हजार ९४१ कैदी बन्दी राखिएको छ । क्षमताभन्दा झण्डै दोब्बर कैदी राखिँदा कारागारभित्र सुरक्षा, स्वास्थ्य र व्यवस्थापन चुनौतीपूर्ण बनेको छ।

विवरण अनुसार सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा कारागारमा अत्यधिक भीडभाड छ । सप्तरी कारागारमा १४५ क्षमता भएकोमा ३५८, सिरहा कारागारमा १५० क्षमतामा ४१४, महोत्तरी २ सय क्षमतामा ४१२, सर्लाही कारागारमा २ सय क्षमतामा ३७३, रौतहट कारागारमा २ सय क्षमतामा २ सय ८ र पर्सा कारागारमा २ सय क्षमता रहेको स्थानमा १ हजार २०५ कैदी बन्दी राखिएको छ।

कतिपय कारागारमा क्षमताभन्दा दोब्बर नजिक कैदी-बन्दी राखिएको देखिएको छ। सीमित स्थानमा धेरै कैदी राखिँदा सुत्ने ठाउँको अभाव, शौचालय र खानेपानीको समस्या, स्वास्थ्य जोखिम तथा झगडाको अवस्था बढ्दै गएको कारागार स्रोत बताउँछ।

कारागार सुधारको घोषणा हुँदै आएपनि सरकार निरीह रहेका कारण व्यवहारमा कार्यान्वयन नहुँदा स्थिति झनै बिग्रिदैं गएको हो । जसको प्रत्यक्ष उदाहरण पछिल्लो पटक सिरहा कारागारमा पटक पटक हुँदै कुटपिट घटना हो । पर्सा कारागारमा समेत कयौं पटक कुटपिट लगायतका घटना बाहिर आइसकेको छ ।

अत्यधिक भीडभाडकै कारण कारागारभित्र पटक-पटक विवाद, कुटपिट र तनावको अवस्था सिर्जना हुँदै आएको छ । कैदी-बन्दीबीच सामान्य विषयमा समेत झडप हुने, नियन्त्रणमा लिन कठिन हुने तथा सुरक्षाकर्मीमाथि दबाब बढ्ने समस्या देखिएको छ। भीडभाडले सरसफाइ कमजोर हुँदा संक्रामक रोग फैलिने जोखिम समेत बढेको छ।

यस्तो अवस्था लामो समयदेखि दोहोरिँदै आए पनि सरकार प्रभावकारी व्यवस्थापन गर्न नसकेको आरोप लागिरहेको छ । मुद्दाको ढिलाइ, वैकल्पिक सजायको प्रयोग नगर्नु, पूर्वाधार विस्तारमा ढिलासुस्ती तथा जनशक्ति अभावले समस्या झनै जटिल बन्दै गएको सरोकारवालाहरू बताउँछन् ।

कारागार सुधारको घोषणा हुँदै आएपनि सरकार निरीह रहेका कारण व्यवहारमा कार्यान्वयन नहुँदा स्थिति झनै बिग्रिदैं गएको हो । जसको प्रत्यक्ष उदाहरण पछिल्लो पटक सिरहा कारागारमा पटक पटक हुँदै कुटपिट घटना हो । पर्सा कारागारमा समेत कयौं पटक कुटपिट लगायतका घटना बाहिर आइसकेको छ।

क्षमताभन्दा धेरै कैदी राख्ने प्रवृत्ति नियन्त्रण नगरे सुरक्षा जोखिम, फरार घटना र ठूलो विवाद निम्तिने खतरा बढ्दै गएको छ। कारागार व्यवस्थापनमा सरकार कमजोर देखिँदा भीडभाडको समस्या स्थायी बन्दै गएको भन्दै तत्काल वैकल्पिक व्यवस्था, पूर्वाधार विस्तार र मुद्दा छिटो टुंग्याउने प्रणाली लागू गर्न माग गरिदैं आएपनि सरकारले चासो लिएको देखिदैन।

# लोककल्याणकारी विज्ञापनमा कडाई

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले लोककल्याणकारी विज्ञापन वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन कडा मापदण्ड एवं विषयवस्तु तय गरेको छ।




आमसञ्चार प्राधिकरण मधेश प्रदेशको कार्यालयमा शुक्रबार बिहान बसेको लोककल्याणकारी विज्ञापन सिफारिश समितिको बैठकले विज्ञापन रकम बाँडफाँडदेखि सामग्री निर्माणसम्मका महत्वपूर्ण निर्णयहरू सर्वसम्मत रूपमा गरेको हो। बैठक संयोजक ज्योति झाको अध्यक्षतामा सम्पन्न भएको हो । बैठकमा आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल, नेपाल पत्रकार महासंघ, सामुदायिक रेडियो प्रसारक संघ लगायतका प्रतिनिधिहरू तथा आमन्त्रित कर्मचारीहरूको उपस्थिति रहेको थियो।

समितिले आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन गरिएको ७० लाख रुपैयाँ विज्ञापन वितरणका विभिन्न शीर्षकमा खर्च गर्ने निर्णय गरेको छ । यसमध्ये करिब ४ लाख रुपैयाँ विज्ञापन निर्माणमा खर्च गरिनेछ भने बाँकी रकम विज्ञापन प्रकाशन, प्रसारण, अनुगमन तथा व्यवस्थापनमा खर्च गरिने प्राधिकरणले जनाइएको छ ।

समितिले आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन गरिएको ७० लाख रुपैयाँ विज्ञापन वितरणका विभिन्न शीर्षकमा खर्च गर्ने निर्णय गरेको छ । यसमध्ये करिब ४ लाख रुपैयाँ विज्ञापन निर्माणमा खर्च गरिनेछ भने बाँकी रकम विज्ञापन प्रकाशन, प्रसारण, अनुगमन तथा व्यवस्थापनमा खर्च गरिने प्राधिकरणले जनाइएको छ।

विज्ञापन प्रकाशनका लागि पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन तथा अनलाइन मिडियालाई प्राथमिकता दिइनेछ । दर्ता भएका १९४ पत्रपत्रिका, ६४ एफएम रेडियो, ११ टेलिभिजन र ११० अनलाइन पोर्टलमध्ये आवश्यक कागजात नपुगेका, नविकरण नगरेका, दोहोरिएका तथा प्रदेश बाहिरका सञ्चारमाध्यमलाई हटाएर मात्र योग्य माध्यमहरूलाई विज्ञापन उपलब्ध गराइनेछ।

समितिले लोककल्याणकारी विज्ञापनलाई सामाजिक सचेतना अभिवृद्धि गर्ने माध्यमका रूपमा प्रयोग गर्ने निर्णय गरेको छ। टेलिभिजन विज्ञापनका लागि छोरी शिक्षा, बालविवाह रोकथाम, दाइजो प्रथा अन्त्य, सरसफाइ, महिला सशक्तिकरण, सडक सुरक्षा, कृषिमा आधुनिक प्रविधि, वैदेशिक रोजगारी सचेतना, लागुऔषध दुरुपयोग नियन्त्रण तथा जलवायु परिवर्तनजस्ता विषयलाई प्राथमिकता दिइएको छ।

त्यस्तै, पत्रपत्रिकाका लागि शिक्षा, स्वास्थ्य सेवा पहुँच, कर तिर्ने बानी, मतदाता शिक्षा, स्वास्थ्य बीमा, कृषि अनुदान, महिला तथा बाल अधिकार, डिजिटल साक्षरता, आपतकालीन तयारी र सामाजिक सुरक्षा भत्तासम्बन्धी विषय समेटिनेछन् । समितिले विज्ञापन सामग्री नेपाली भाषासहित थारु, भोजपुरी र मैथिली भाषामा पनि तयार गर्ने निर्णय गरेको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८